वर्ष २० | अंक ७० | काठमाडौं | आइतवार, १६ मङ्सिर २०८१ | Sunday, 1 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

एनसेलको 'एनपीएल फ्यान प्याक' २

विजय लघुवित्तको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न ३

बढ्दै छ लघुवित्तमा कालोसूची ४

लघुवित्त : सेवामूलक व्यवसाय कि नाफामूलक ? ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

एनपीएल टीमहरूलाई निजीक्षेत्रको साथ

विजय दमासे

काठमाडौं

शनिवार शुरू भएको सर्वाधिक धनराशीको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट लाई देशको कर्पोरेट क्षेत्रले बलियो साथ दिएको छ । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा ८ टोलीको सहभागिता रहेको एनपीएल शनिवारदेखि पुस ६ गतेसम्म चल्नेछ ।

विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स टीममा व्यापारिक समूह जोडिएका छन् ।

विभिन्न टीमलाई निजीक्षेत्रले करोडौं लगानी गरेको छ । त्यस्तै खेलाडी किन्न, खेल सामग्री र तालिम, प्रशिक्षकको टोली र होटेल व्यवस्थापन आदि कामका लागि प्रत्येक टीमले १० करोड रुपैयाँ हाराहारी खर्च गरेको टीम सञ्चालकहरू बताउँछन् । विराटनगर किङ्सका एक सञ्चालक सुयश प्याकुरेलले टीम र खेलाडी किन्नेदेखि अन्य सबै गरी १० करोड रुपैयाँसम्मखर्च हुने अनुमान रहेको बताए ।

काठमाडौं गुर्खाजका प्रमुख कार्यकारी अधिकृत सन्देश कटुवालले टीम किन्न ३ करोड ३३ लाख लगानी गरेको बताए । 'नेपाली र विदेशी खेलाडी किन्न पनि खर्च भयो । विदेशी खेलाडीको ट्राभलको लागि खर्च हुन्छ र होटेलको खर्च, जर्सी र खेल सामग्रीको खर्च छ । त्यसैले ८-९ करोडको खर्च हुने अनुमान छ । शायद १० करोड छुन्छ कि,' उनले भने ।

टीम सञ्चालकहरू अहिलेको लगानी केही वर्ष नउठ्नेमा आफूहरू विश्वस्त रहेको बताउँछन् । तर पनि विभिन्न वस्तु तथा सेवाका ब्रान्डहरूले यी आठ टीमको प्रायोजना गरिरहेको छन्, जुन टीमहरूको आयको प्रमुख स्रोत बनेका छन् ।

एनपीएलका टीममध्ये शनिवार मात्रै ग्लोबल आइएमई बैंकले सुदूरपश्चिम रोयल्सको मुख्य प्रायोजक बन्ने सम्झौता गरेको छ । ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल प्रिमियर लिग (एनपीएल)को टोली सुदूरपश्चिम रोयल्सबीच बैंकले मुख्य प्रायोजन गर्ने सम्झौता भएको छ ।

बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल र सुदूरपश्चिम रोयल्सका तर्फबाट अध्यक्ष स्वतन्त्र प्रताप शाहले सम्झौतामा हस्ताक्षर गरे । ग्लोबल आइएमई बैंकका डेपुटी सीईओ पोखरेलले सुदूरपश्चिमसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए । 'बैंकले नेपाली क्रिकेटको समग्र विकासका लागि सुदूरपश्चिम रोयल्सलाई साथ दिएको हो । बैंकले खेलकुदलाई अझ उचाइमा पुऱ्याउन आफ्नो दायित्व बुझेर यो सम्झौता गरी मुख्य प्रायोजन गरेको हो र यो सहकार्यका लागि उत्साहित छौं,' उक्त कार्यक्रममा पोखरेलले भने । यो टीमलाई सगरमाथा लुम्बीनी इन्स्योरेन्स कम्पनीको साथ छ ।

त्यस्तै, विराटनगर किंग्सको मुख्य प्रायोजक एभरेष्ट बैंक हो, भने श्रीकेश तेलसहित अरूले समेत सहयोग गरेका छन् ।

काठमाडौं गुर्खाजको प्रमुख प्रायोजकमा चिनियाँ गाडी बीवाईडी रहेको छ भने प्रभु बैंक, शिखर इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्सलगायतले साथ दिएका छन् । जनकपुर बोल्ट्स टीमलाई डिएनए फेसन नेपाल, रमपम, टेक्नो, धोनी साबुनलगायतले सहयोग गरेका छन् । एनपीएल टोली कर्णाली याक्सले मुख्य प्रायोजकका रूपमा महिन्द्रा अग्नि ग्रूपसँग सम्झौता गरेको छ । सम्झौतासँगै कर्णालीको जर्सीमा महिन्द्रा अंकित छ ।

यता, नेपाल प्रिमियर लिग (एनपीएल) को फ्रेन्चाइज टोली चितवन राइनोजको मुख्य प्रायोजकका रूपमा ब्लु स्टार जोडिएको छ भने रिलायन्स फाइनान्स, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडलगायतले एनपीएलको टीम लुम्बिनी लायन्सलाई साथ दिएका छन् । एनपीएलकै एक प्रमुख प्रायोजक रहेको एनसेल लुम्बिनी लायन्ससँग जोडिने भएको छ । 'हामीले ठूलै प्रायोजकका रूपमा आउँदै छौं । त्यसको घोषणा आइतवार गरिनेछ,' एनसेल स्रोतले भन्यो ।

अन्य टोलीले समेत निजीक्षेत्रको साथ पाएका छन् । यता, एनपीएललाई मुख्य प्रायोजन सिद्धार्थ बैंकले गरेको छ । सिद्धार्थ बैंकले मुख्य प्रायोजक भई क्यानसँग ५ वर्षका लागि सम्झौता गरेको छ । एपीएलको प्रायोजनमा निजीक्षेत्रको मोबाइल सेवाप्रदायक एनसेल, नेपाल टेलिकमलगायत ठूला कम्पनीले लगानी गरेका छन् । एनसेल एनपीएलको 'पावर्ड बाइ'मा जोडिएको छ । डिसहोमले युटचुबबाट प्रत्यक्ष प्रसारण गरिरहेको छ । शनिवारको खेलको एक्सन स्पोर्टस नेपाल युटचुबबाट गरिएको प्रत्यक्ष प्रसारण १९ लाख ३४ हजारभन्दा बढीले हेरेका छन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा विराटनगर किंग्स र जनकपुर बोल्ट्सबीचको उद्घाटन खेल हेर्न दर्शकको भरिभराउ उपस्थिति थियो । विश्व चर्चित खेलाडी सहभागी भएपछि एनपीएलको रौनक अझै थपिएको छ । उद्घाटन खेलमा दर्शकले विश्वचर्चित न्यूजिल्यान्डका मार्टिन गुप्टिलको खेल हेर्न पाए । खेलमा जनकपुर बोल्ट्सले विराटनगर किंग्सलाई ८ विकेटले हराउँदै विजयी शुरुआत गरेको छ ।

पुस ६ गतेसम्म सञ्चालन हुने एनपीएलमा ८ फ्रेन्चाइज टोली सहभागी छन् । सबै टोलीमा एशोसिएटका साथै टेस्ट राष्ट्रका विदेशी खेलाडी सहभागी भएका छन् ।

तस्वीर : रासस

पुरस्कार राशी २ करोड ११ लाख रुपैयाँ

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को पुरस्कार राशी २ करोड ११ लाख रुपैयाँ हुने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले जनकपुर बोल्ट्स र विराटनगर किंग्सबीचको उद्घाटन खेलअघि उक्त जानकारी दिएको हो । क्यानका अनुसार विजेता टोलीले १ करोड ११ लाख रुपैयाँ पाउनेछ ।

यो कुनै पनि राष्ट्रिय प्रतियोगिताकै सर्वाधिक पुरस्कार राशी हो । यसअघि २०७१/७२ मा फुटबलको राष्ट्रिय लिग विजेता थ्री स्टार क्लबलाई अखिल नेपाल फुटबल संघ (एन्फा)ले कीर्तिमानी पुरस्कार १ करोड दिएको थियो । उक्त कीर्तिमान एनपीएलले तोडेको हो ।

एनपीएलमा दोस्रो हुने टोलीले ५० लाख, तेस्रोले ३० लाख र चौथोले २० लाख रुपैयाँ पाउने क्यानले बताएको छ । यसरी क्यानले समग्रमा एनपीएलको पुरस्कारमा २ करोड ११ लाख रुपैयाँ खर्च गर्नेछ ।

निजीक्षेत्रका तर्फबाट घोषणा गरिएको खेलाडीको पारिश्रमिक तथा विजेताले पाउने पुरस्कारले पनि खेलाडीलाई प्रोत्साहित गर्न सक्ने देखिएको छ । व्यावसायिक घराना शारडा ग्रूपले प्रतियोगितामा प्लेयर अफ द सिरिज घोषणा हुने नेपाली खेलाडीलाई कार पुरस्कार प्रदान गर्ने भएको छ ।

शारडा ग्रूपसँग क्यानको १ करोड २० लाख रुपैयाँ बराबरको सम्झौता भएको बुझिएको छ । यसरी अक्शन गर्दा एउटा टीमलाई १० खेलाडी खरीद गर्ने अवसर दिइएको थियो । समूह 'ए'मा परेका खेलाडीलाई १० देखि १५ लाख, समूह 'बी'मा परेकालाई ५ देखि १० लाख तथा समूह 'सी'मा छानिएकालाई २ लाखदेखि ५ लाख रुपैयाँ दिइने भएको छ ।

पाकिस्तानी एयरलाइन्सलाई यूरोपमा प्रतिबन्ध हटाउँदै

नेपाली एयरलाइन्सलाई कहिले हट्ला ?

हिमा बि.क.

काठमाडौं

हवाई सुरक्षा कायम गर्ने क्षमतामा प्रश्न उठाउँदै पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पीआईए)लाई यूरोप प्रवेशमा रोक लगाएको ४ वर्षपछि यूरोपेली संघ एभिएशन सेफ्टी एजेन्सी (ईएएसए) ले उक्त प्रतिबन्ध हटाएको घोषणा गरेको छ । उस्तै प्रश्न उठाउँदै नेपाली एयरलाइन्सलाई पनि यूरोप प्रवेशमा ११ वर्षदेखि प्रतिबन्ध छ । तर, नेपाली एयरलाइन्समाथिको प्रतिबन्ध हट्ने/नहट्ने निश्चित भएको छैन । ईएएसएले शुक्रवार प्रतिबन्ध फुकुवा गरिएको घोषणा गरेको थियो । सन् २०२० मे महीनादेखि पीआईएलाई यूरोपको आकाशमा उडान प्रतिबन्ध लगाएको थियो ।

युरोपेली संघअन्तगर्तको ईएएसएले ९७ जना हवाई यात्रुको ज्यान जाने गरी पाकिस्तानमा भएको हवाई दुर्घटनापछि सन् २०२० मेदेखि उडानमा प्रतिबन्ध लगाएको हो । यूरोपमा उडान प्रतिबन्ध पाकिस्तानको लाहोरदेखि कराची जाँदै गरेको फ्लाइट ८३०३ को जहाज दुर्घटनापछि लगाइएको थियो । उक्त दुर्घटनापछि धेरै पाकिस्तानी पाइलटहरूको लाइसेन्सको वैधतामै प्रश्न उठेको थियो, जसमा पीआईएका केही पाइलट पनि थिए । 'पाकिस्तान नागरिक उड्डयन प्राधिकरण (पीसीएए)को नियमन गर्ने क्षमताप्रति ईएएसए अब पुनः विश्वस्त भएको छ,' ईएएसएका प्रवक्ताले रोयटर्सलाई पठाएको विज्ञप्तिमा भनिएको छ, 'पीसीएएको महत्त्वपूर्ण प्रयासको फलस्वरूप पीआईएलाई युरोपेली संघमा र युरोपेली संघबाट व्यावसायिक उडान गर्न दिइएको छ ।' ईएएसएले यूरोप उडानको प्रतिबन्ध हटाएसँगै पाकिस्तानका उड्डयनमन्त्री ख्वाजा मुहम्मद आसिफले उक्त निर्णयको स्वागत गर्दै आफ्नो एक्स एकाउन्टमा लेखेका छन्, 'धेरै वर्षको संघर्ष र मेहनतपछि उड्डयन मन्त्रालय र नागरिक उड्डयनले यूरोपेली संघबाट अनुमति पाउन आवश्यक सबै मापदण्ड र अडिट आवश्यकताहरू पूरा गरेका छन् ।'

साथै उनले भनेका छन्, 'सरकारले पाकिस्तान नागरिक उड्डयन प्राधिकरणलाई सुदृढ पार्न महत्त्वपूर्ण कदम चालेको छ । जस्तै, पाकिस्तान नागरिक उड्डयन प्राधिकरण ऐन लागू गर्ने, यसलाई नियामक र सेवाप्रदायक गरी विभाजन गर्ने र क्षमता अभिवृद्धिका लागि व्यावसायिक नेतृत्व र तालिम प्रदान गर्ने काम गरिएको छ ।' पाकिस्तानले गत अगस्तमा मात्र पीसीएएलाई तीन भागमा छुट्ट्याएको थियो । नियामकको रूपमा पीसीएए, ब्युरो अफ एयरक्राफ्ट सेफ्टी इन्भेस्टिगेशन र पाकिस्तान एयरपोर्ट अथोरिटी गरी तीन निकाय खडा गरिएको हो । त्यसको ३ महीनामा पीआईएलाई कालोसूचीबाट हटाइएको छ ।

नेपाली एयरलाइन्सहरूलाई पनि युरोपेली संघ (ईयू)ले सन् २०१३ देखि यूरोपको आकाशमा उडान प्रतिबन्ध लगाउँदै आएको छ । लामो समयसम्म पनि ईयूले नेपाली एयरलाइन्सलाई उक्त प्रतिबन्धबाट नहटाउनुमा अन्य हवाई सुरक्षा कमजोरीका अतिरिक्त नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) नियामक र सेवादाताको रूपमा विभाजन नहुनु लाई औंल्याउँदै आएको छ ।

तर, क्यान टुक्र्याउने पटकपटकको सरकारी प्रयास हालसम्म सफल हुन सकेको छैन । क्यानका कर्मचारी संगठनहरूले यसको विरोध गर्दै आएका छन् भने क्यानको नेतृत्वले नै कर्मचारी उचालेर क्यान टुक्र्याउन नदिएको आरोप लाग्दै आएको छ । सेवाप्रदायक पनि रहँदा क्यानको नेतृत्वले ठूलाठूला ठेक्का दिन र कमिसन लिन पाउने भएकाले क्यानको नेतृत्व क्यान विभाजनको विपक्षमा रहेको आरोप लाग्दै आएको छ । » बाँकी पृष्ठ ५ मा

नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजन गर्ने विधेयक मन्त्रिपरिषद्को विधेयक समितिबाट पास भइसकेको छ । अब यो मन्त्रिपरिषद्ले पास गरेपछि संसद्मा जान्छ र ऐन बन्छ । यसबाट पछि हट्ने अवस्था नै हुँदैन, अबको संसद्मा शुरूमै पेश हुनेछ ।

बद्री पाण्डे
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री

डेंगीबाट बच्न
आफूवरिपरि भएका पानी जम्ने खाल्डाखुल्डी पुरौं !
शरीर ढाक्ने लुगा लगाऔं !
डेंगी संक्रमणबाट बचौं !!!

१५ जडीबुटी चीन निर्यातका लागि प्रारम्भिक प्रक्रिया शुरू

प्रशान्त खड्का

काठमाडौं

नेपाली जडीबुटी आयातयोग्य छ कि छैन भन्ने जाँच गर्न केही महीनाअघि चीनबाट पाँचओटा टोली नेपाल आएर अध्ययन गरेको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल चीन भ्रमणमा जाँदा नेपालका १५ प्रकारका जडीबुटी चीनले आयात गर्ने भने पनि ती जडीबुटी हालसम्म नेपालबाट निर्यात हुन सकेको छैन । सरकारी अधिकारीका अनुसार नेपाली जडीबुटी चीन निकासीका लागि अहिले चिनियाँ क्वारेन्टाइन मापदण्ड पूरा गर्ने गरी काम अघि बढिरहेको छ । चिनियाँ प्रतिनिधिसमेत यहाँ आएर नेपाली जडीबुटी आयात गर्न योग्य छ/छैन अध्ययन गरेको उनीहरूले जानकारी दिए । चीन जडीबुटीको सबैभन्दा ठूलो उत्पादक र निर्यातक देश हो ।

२०८० असोज पहिलो साता भएको तत्कालीन प्रधानमन्त्री दाहालको चीन भ्रमणका क्रममा जडीबुटी निर्यातका लागि दुई देशले फाइटोसेनेटरी प्रोटोकलमा हस्ताक्षर गरेका थिए ।

नेपालबाट चीनमा कृषि र औषधिजन्य जडीबुटी निर्यातका लागि क्वारेन्टाइनसम्बन्धी प्रतिबन्धहरू प्रमुख अवरोधका रूपमा देखा परेकाले अहिले तिनै प्रोटोकल पूरा गर्ने गरी काम अगाडि बढाइएको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका प्रमुख भोजराज सापकोटाले बताए ।

उनका अनुसार नेपालबाट निर्यात हुने जडीबुटी रोग तथा कीरामुक्त हुनुपर्छ । साथै चीनको जैविक सुरक्षा कानून, पशु तथा वनस्पतिजन्य वस्तुको प्रवेश तथा बहिर्गमनका लागि तय भएको क्वारेन्टाइन कानून र खाद्य सुरक्षा कानूनले तय गरेका व्यवस्था पालना गर्नुपर्ने छ । चीनको कानूनअनुसार नेपाली जडीबुटी आयातयोग्य छ कि छैन भन्ने जाँच गर्न केही महीनाअघि चीनबाट पाँचओटा अध्ययन टोली नेपाल आएर अध्ययन गर्नुका साथै नेपाली पक्षलाई अभिमुखीकरण तालिम दिएको उनले बताए ।

'यहाँको जडीबुटी चिनियाँ प्रोटोकलअनुसार छ भनेर प्रमाणित गर्न थप केही अध्ययन र सर्वे गर्नुपर्ने भएकाले चिनियाँ टोली फेरि नेपाल आउनुपर्छ । उक्त टोलीले सबै कुरा अध्ययन गरेर प्रमाणित गरिसकेपछि मात्रै नेपाली जडीबुटी चीन निर्यात गर्न सकिन्छ,' उनले भने । नेपालबाट सीमित मात्रामा कीटनाशक औषधीय बिरुवा भने चीन जाने गरेको वाणिज्य मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जानकारी दिएको छ । नेपालबाट चीनमा हेलेज घाँस निर्यात गरेपछिको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा सरकारले यसलाई हेरेको छ । गतवर्ष असारमा नेपालले पहिलोपटक चीनमा हेलेज जातको प्रशोधित घाँस निर्यात गरेको थियो ।

सुन्तला जातका फलफूल आयात गर्न चीनले थाल्यो तयारी

चीनले नेपालबाट सुन्तला जातका फलफूल आयात गर्ने तयारी थालेको सरकारले बताएको छ । २०७६ असोजमा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र चीनको कृषि विभागबीच सुन्तलालगायत अम्लीय जातका फलफूल निर्यातका लागि सहमति भएको थियो ।

नेपालबाट जुनार र सुन्तला लैजान यतिबेला चीनले केरुङ नाकामा सुपरभिजन फेसिलिटीसहितको कोल्ड स्टोर निर्माण शुरू गरेको मन्त्रालयका सहसचिव सवनम शिवाकोटीले बताइन् । उनका अनुसार चीनले पाली सुन्तला र जुनार लैजान खोजेको छ । त्यसका लागि चिनियाँ व्यवसायीको टोलीले पटकपटक नेपाली बगैंचाहरूको निरीक्षण गरिसकेको उनले बताइन् । चीनको प्रोटोकल पास भए आगामी वर्षदेखि चीनमा सुन्तलाजन्य फलफूल निर्यात हुने सम्भावना धेरै भएको शिवाकोटीको भनाइ छ । दुई देशबीचको सहमति कार्यान्वयन गर्न प्रोटोकलअनुसार नर्सरी दर्ता, बगैंचा दर्ता तथा व्यवस्थापनका कार्यक्रमहरू यसअघि नै सिन्धुली र स्याङ्जा जिल्लामा शुरू भइसकेको छ ।

नेप्से परिसूचक



सुन (तोला)

अमेरिकी डलर





तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको नरदेवी नजिकै बजारमा गाडामा तरकारी र बदाम बेच्दै गरेका एक व्यापारी । महानगरपालिकाले गाडामा व्यापार गर्नेहरूलाई तोकेको समयमा मात्र व्यापार गर्न अनुरोध गरेको छ ।

एनपीएलमा जनकपुर बोल्ट्सको विजयी शुरुआत

काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करणको उद्घाटन खेलमा विराटनगर किङ्सलाई हराउँदै जनकपुर बोल्ट्सले विजयी शुरुआत गरेको छ । विराटनगर किङ्सले दिएको १२८ रनको लक्ष्य जनकपुर बोल्ट्सले १५ दशमलव २ ओभरमा २ विकेट गुमाउँदै पूरा गरेको हो । जितमा जनकपुर बोल्ट्सका लाहिरु मिलन्थाले सर्वाधिक ७५ रन बनाए । उनले ५३ बलमा ९ चौका र ३ छक्का प्रहार गरेका थिए ।

पहिलो ओभरमा नै ओपनर आसिफ शेखलाई पहिलो विकेट रूपमा गुमाएको जनकपुरले अर्का ओपनर तथा कप्तान अनिल शाहलाई दोस्रो ओभरमा गुमायो । दोस्रो ओभरको अन्तिम बलमा अनिल ४ बलमा ५ रन जोड्दै प्रतिश जिशीको बलमा बोल्ड आउट भएका थिए ।

जनकपुरका लागि तेस्रो नम्बरमा ब्याटिङमा आएका मिलन्थाले ३९ बलमा अर्धशतक पूरा गरेका थिए । तेस्रो विकेटका लागि हर्ष ठाकरसँग मिलेर १ सय १६ रनको नट आउट साझेदारी गरे । ठाकरले ३३ बलमा २ चौकाको सहयोगमा २९ रन बनाए ।

पहिलो ओभरको चौथो बलमा अर्का ओपनर आसिफ ३ बलमा रनको खाता नै नखोली आउट भएका थिए । आसिफलाई विराटनगरका क्रिस सोलले पहिलो ओभरको चौथो बलमा बोल्ड आउट गराएका हुन् । विराटनगरका लागि सोल र जिशीले एक/एक विकेट लिए । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा जनकपुरले टस जितेर फिल्डिङ रोजेको थियो । टस हारेर ब्याटिङको निम्तो पाएको विराटनगर निर्धारित १९ ओभरमा रन १ सय २७ रनमा समेटिएको थियो ।

विराटनगरका ओपनर गप्टिलले एनपिएलको इतिहासमै पहिलो अर्धशतक ३६ बलमा पूरा गरेका थिए । गप्टिलले ४३ बलमा ७ चौका र १ छक्काको सहयोगमा ५५ रन बनाए । गप्टिल जनकपुरका अन्तरराष्ट्रिय खेलाडी हर्ष ठाकरको बलमा शाहबाट समातिए ।

अकिब इल्यासले १८ बलमा १५ रन जोडे । एक समय ७६ मा २ विकेट गुमाएर बलियो स्थितिमा रहेको विराटनगरले रन जोड्दा बाँकी ८ विकेट गुमाएको थियो ।

विराटनगरका अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

जनकपुरका लागि ललितनारायण राजवंशीले एनपिएलको आफ्नो पहिलो बलमा सहित ३ विकेट लिए । किशोर महतो र हर्ष ठाकरले समान २ विकेट लिए । बेन माइक र मोहम्मद मोहसिनले एक/एक विकेट लिए ।

जनकपुरको मार्की खेलाडीका रूपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर तथा विकेटकिपर आशिफ शेख छन् । टोलीको कप्तानमा भने राष्ट्रिय क्रिकेट टोलीका अर्का महत्त्वपूर्ण खेलाडी विकेटकिपर अनिल शाह छन् । उनीहरुसँगै स्पीनर ललित राजवंशी रूपेश सिंह, किशोर महतो, अरनिकोप्रसाद यादव, तुलबहादुर थापामगर, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल र हेमन्त धामी छन् ।

जनकपुरको टोलीमा न्यूजिल्याण्डका जिमी निशम, अमेरिकाका जोशुआ ट्रोम्प, अमेरिकामा बसेर क्रिकेट खेल्ने श्रीलंकाका लाहिरु मिलन्था, पाकिस्तानका मोहमद मोहसिन खान र इङ्ल्याण्डका अलराउण्डर बेन माइक छन् । विराटनगर किङ्सको मार्की खेलाडी एवं कप्तान सन्दीप लामिछाने छन् ।

विराटनगरका कप्तान लामिछानेसहित लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, राजेश पुलामी मगर, जीतेन्द्रकुमार मुखिया, अनिल खरेल, दीपक बोहरा, सुभास भण्डारी, नरेन भट्ट र मुनाल गुरुङ छन् । विदेशी खेलाडीमा ओमानका अकिब इल्यास, न्यूजील्याण्डका मार्टिन गप्टिल, क्यानडाका निकोलस किर्तन, स्कट्ल्याण्डका क्रिस सोल र अफगानिस्तानका इस्मल आलम छन् ।

एनसेलको 'एनपीएल फ्यान प्याक'

काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपीएल)लाई लक्षित गरी एनसेलले सधैं अन, डेटा र भ्वाइसमा तीनओटा 'एनपीएल फ्यान प्याक' सञ्चालनमा ल्याएको छ । यी अफरअन्तर्गत ग्राहकले अनलिमिटेड यूट्युब, अनलिमिटेड डेटा र अनलिमिटेड भ्वाइस अफर ल्याएको बताइएको छ । यी प्याक लिने ग्राहकले एनपीएलका खेल प्रत्यक्ष हेर्न टिकट लगायत अन्य आकर्षक उपहार जित्न पनि योग्य हुने एनसेलले जानकारी दिएको छ ।

सधैं अन प्याकअन्तर्गत ग्राहकले रू. ३९९ देखि रू. १४९९ सम्मको कुनै पनि प्याकको खरीदमा ग्राहकले यूट्युबमा प्याक अवधिभर अनलिमिटेड पहुँच पाउने बताइएको छ ।

त्यसैगरी डेटा सेवा आवश्यक भएका ग्राहकका लागि एनसेलले अनलिमिटेड डेटा अफर ल्याएको छ । ग्राहकले रू. ५० मा १ दिनको समयसीमा रहेको अनलिमिटेड डेटा प्याक लिन सक्नेछन् । त्यस्तै रू. १२५ (३ दिन), रू. १९९ (७ दिन) र रू. ९९९ (२८ दिन) अनलिमिटेड डेटा अफर समेत रहेको कम्पनीले जानकारी दिएको छ ।

भ्वाइस सेवामा ७ दिनको लागि रू. १४९ र २८ दिनका लागि रू. ४९९ मा अनलिमिटेड भ्वाइस सेवा लिन सकिने बताइएको छ ।

यी प्याक किनेपछि ग्राहकले एसएमएसमार्फत एनसेल एपमा रहेको 'स्पिन द ह्वील'मा जाने लिंक प्राप्त गर्ने र ह्वील घुमाउँदा एनपीएल खेलको टिकट, १ जीबी डेटा, रू. ५० क्यासब्याक (१ दिनको समयसीमा), रू. १०० क्यासब्याक (१ दिनको समयसीमा) वा १०० अन-नेट एसएमएस (१ दिनका समयसीमा) पाउने बताइएको छ ।

त्यसैगरी, एनसेल फाउन्डेसनले प्रत्येक एनपीएलको खेलमा हानिने चौकामा ग्रामीण र दुर्गम क्षेत्रका विद्यार्थीलाई चारओटा शैक्षिक सामग्री वितरण गर्ने बताइएको छ । एनसेलले एनपीएलको लागि पावर्ड बाई पार्टनरको रूपमा सहकार्य गरेको छ ।

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१६)

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको वित्तीय संस्था हो । यस वित्तीय संस्थालाई तपसिल अनुसारका रिक्त पदमा योग्यता पुगेका नेपाली नागरिकबाट खुल्ला दरखास्त आव्हान गरिन्छ । योग्य आवेदकबाट रितपूर्वक भरिएको दरखास्त फाराम, बायोडाटा, नागरिकता, फोटो र शैक्षिक योग्यताहरुको प्रमाणपत्रका साथै तोकिएको कार्य अनुभव खुल्ने कागजातसहित विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८१।०८।३० सम्म) **vacancy.aviyan@gmail.com** मा मेल गर्न वा वित्तीय संस्थाको केन्द्रीय कार्यालय पनौती न.पा.-४, ठाडोबाटो, काभ्रेपलाञ्चोकमा बुझाउन सकिनेछ । छनौट सूचीमा परेका आवेदकलाई टेलिफोनमार्फत जानकारी गराईनेछ ।

क्र.स.	विज्ञापन नं.	पद	संख्या	श्रेणी	न्यूनतम शैक्षिक योग्यता तथा अनुभव	थप अनुभव तथा प्राथमिकता
१.	१/०८१/८२	प्रवन्धक/सहायक प्रबन्धक	२	व्यवस्थापकीय	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर वा सोसरहको परीक्षा उत्तिर्ण गरेको वा स्नातक गरी वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष सेवा अवधिको अनुभव भएको ।	व्यवस्थापनमा स्नातक गरी लघुवित्त वित्तीय संस्थाको आन्तरिक लेखा परिक्षण/कर्जा लगानी तथा असुली विभागमा कार्य अनुभव भएको ।
२.	२/०८१/८२	अधिकृत	२	अधिकृत	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सोसरहको परीक्षा उत्तिर्ण गरेको वा प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष सेवा अवधिको अनुभव भएको ।	व्यवस्थपनमा प्रविणता प्रमाणपत्र वा सोसरहको परिक्षा उत्तिर्ण गरी लघुवित्त संस्थाको सूचना प्रबिधि विभागमा (CBS, Networking, Digital Banking, Financial Reporting सम्बन्धीको कार्य अनुभव भएको)/लघुवित्त वित्तीय संस्थाको अन्य विभाग, प्रदेश, अनुगमन कार्यालयमा कामको अनुभव भएको ।
३.	३/०८१/८२	सुपरभाइर्जर	७	सहायक	प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा २ वर्ष सेवा अवधिको अनुभव भएको ।	व्यवस्थापनमा प्रविणता प्रमाणपत्र वा सोसरहको परिक्षा उत्तिर्ण गरी लघुवित्त वित्तीय संस्थाको शाखा प्रमुखको अनुभव भएको ।
४.	४/०८१/८२	वरिष्ठ सहायक/सहायक	१३	सहायक	प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा २ वर्ष सेवा अवधिको अनुभव भएको ।	प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तिर्ण गरी लघुवित्त वित्तीय संस्थाको लेखा तथा फिल्ड सम्बन्धी कामको अनुभव भएको ।
५.	५/०८१/८२	कनिष्ठ सहायक (प्रशिक्षार्थी)	१५	सहायक	एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ।	मोटरसाईकल/साइकर्ल चलाउन सक्ने, पहाडी तथा ग्रामीण क्षेत्रमा गएर काम गर्न सक्नेलाई प्राथमिकता दिईनेछ ।

१. **उमेरको हद :** आवेदन बुझाउने अन्तिम मितिमा सहायक श्रेणीमा १८ वर्ष पूरा भई ३५ ननाघेको । अधिकृत श्रेणीमा २१ वर्ष पूरा भई ४० बर्ष ननाघेको । व्यवस्थापकिय श्रेणीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको तर महिला आवेदकको हकमा माथिल्लो उमेरमा ५ वर्ष थप हुनेछ ।
२. **तलव भत्ता तथा सुविधा :** वित्तीय संस्थाको नियम अनुसार हनेछ ।
३. **कार्य गर्नुपर्ने स्थान :** वित्तीय संस्थाले तोकेका कार्यालय
४. **दरखास्त फाराम पाउने स्थान :** यस वित्तीय संस्थाको वेभसाइट : **www.aviyanlaghubitta.com** मा गई डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
५. **छोटो सूची प्रकाशन :** वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गरिनेछ ।
६. **परिक्षाको किसिम :** विज्ञापन नं. १, २, ३ र ४ का लागि प्रस्तुतीकरण र अन्तरवार्ता, विज्ञापन नं. ५ कनिष्ठ सहायक (प्रशिक्षार्थी) को लागि लिखित र अन्तरवार्ता हनेछ ।
७. कुनै कारण जनाई वा नजनाई विज्ञापन आंशिक वा पूर्ण रुपमा रद्द गर्ने र आवेदन स्वीकार/अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ ।

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
Aviyan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैकबाट "घ" बर्गको इंजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय, पनौती-४, काभेपलाञ्चोक
फोन नं.: ०११-४४१०२७, ४४१०२८
E-mail : aviyanlaghu@gmail.com
Website : www.aviyanlaghubitta.com

उद्योग तथा वाणिज्य कार्यालयमा एकीकृत सेवा प्रवाह कक्ष

सूर्यप्रसाद अधिकारी

चितवन

उद्योग तथा वाणिज्य कार्यालय, चितवनले सेवाग्राहीलाई छिटो र सहज रूपमा सेवा दिन एकीकृत सेवा प्रवाह कक्ष सञ्चालनमा ल्याएको छ । यस कार्यालयलाई बागमती प्रदेशकै नमूना कार्यालय बनाउने गरी एकीकृत सेवा प्रवाह कक्ष सञ्चालनमा ल्याइएको हो । हाल उक्त कक्ष परीक्षणका रूपमा सञ्चालनमा ल्याइएको छ । सेवाग्राहीले सेवा प्रवाह कक्षका कर्मचारीलाई आवश्यक कागजपत्र बुझाएपछि सबै काम कर्मचारीले नै गर्छन् ।

कागजपत्र पुगेमा ३० मिनेटदेखि एक घण्टाभित्र सबै काम सकिएर सेवाग्राही फर्किन सक्ने कार्यालय प्रमुख विनोद पौडेलले जानकारी दिए । 'सेवाग्राहीले एकीकृत सेवा प्रवाह कक्षका कर्मचारीलाई डकुमेन्ट बुझाएपछि कर्मचारीले डकुमेन्ट पूरा भए/नभएको यकिन गर्छन् । पूरा भएको छ भने शुल्क (कर) निर्धारण हुन्छ, त्यसपछि अरू प्रक्रिया अघि बढ्छ,' उनले भने, 'फाइल कहाँ-कहाँ लैजानुपर्ने हो, सबै कर्मचारीले नै गर्छन् । सेवाग्राहीहरू सेवा प्रवाह कक्षमा राखिएका कुर्सीमा बस्ने मात्र हो ।'

फर्म दर्ता तथा नवीकरण शुल्क अनलाइन प्रणालीबाटै तिर्न सकिने उनले बताए । उनका अनुसार ई-सेवा, खल्ती, कनेक्ट आइपिएस र आइएमई पेमार्फत शुल्क भुक्तानी गर्न सकिन्छ । अनलाइन भुक्तानीका माध्यम चलाउन नजान्ने सेवाग्राहीले नजिकको बैंकमा पुगेर राजस्व भुक्तानी गर्नुपर्छ । त्यसका लागि कार्यालयले नै भौचर प्रिन्ट गरेर दिने पौडेलले बताए । राजस्व भुक्तानीको भौचर बुझाएको ३० मिनेटदेखि एक घण्टाभित्र सेवाग्राहीका सबै काम सकिने उनको दाबी छ ।

काम सम्पन्न भएपछि सेवाग्राहीले सेवा प्रवाह कक्षबाटै प्रमाणपत्र पाउनेछन् । राजस्व भुक्तानी थप सहज बनाउन पोइन्ट अफ सेल (पोस) मेसिन ल्याउने तयारी भइरहेको पौडेलले बताए । उक्त मेसिन आएपछि सेवाग्राहीले क्युआर कोड स्क्यान गरी सहजै राजस्व भुक्तानी गर्न सक्ने उनको भनाइ छ । सेवा प्रवाह कक्षमा प्रतीक्षा गर्न सेवाग्राहीका लागि कुर्सी, टिभी, निःशुल्क वाइफाइ, शुद्ध खानेपानीलगायतको व्यवस्था गरिएको छ । सेवा प्रवाहसम्बन्धी सूचनासहितको डिजिटल बडापत्र पनि राख्ने कार्यालयको योजना रहेको उनले जानकारी दिए ।

कार्यालयले दिएको तालीम लिएका उद्यमीले उत्पादन गरेका वस्तुको निःशुल्क प्रचार पनि गरिने पौडेलले बताए । जिल्लाका सातओटै पालिकाका उद्यमीले उत्पादन गरेका नमूना उत्पादनको प्रदर्शनीका लागि डिस्प्ले क्याबिनेट समेत बनाइएको छ ।

बिआरआई सबै पक्षको सहमतिमा कार्यान्वयन : परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सम्बद्ध सबै पक्षको सहमतिमा कार्यान्वयन गरिने बताएकी छन् । चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा चीनको औपचारिक भ्रमण सम्पन्न गरी आज स्वदेश फर्किएकी उनले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीमाझ भनिन्, 'बिआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मै हस्ताक्षर गरिसकेको छ । हाल यसको कार्यान्वयन योजनाबारे छलफल जारी छ । यो नेपाल र चीनबीचको सहमति र समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिका आधारमा कार्यान्वयन हुनेछ ।'

मन्त्री राणाले अहिले नेपाल ऋण लिने अवस्थामा नरहेकाले चीन सरकारसँग यसै विषयमा छलफल भएको बताइन् । उनले भनिन्, 'यो परियोजना अनुदानमा कार्यान्वयन गर्न नेपाली कांग्रेसले औपचारिक निर्णय गरिसकेको छ । यो सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई अवगत छ । अनुदानमै यो परियोजना कार्यान्वयन गर्न हामीले छलफल गरिरहेका छौं ।'

नेपाल र चीनबीच सदियौंदेखि घनिष्ठ एवं सम्बन्ध रहेको र यो मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाई जनस्तरमा विस्तार गर्न दुई देशबीच समय-समयमा हुने उच्चस्तरीय भ्रमणको आदानप्रदानले महत्त्वपूर्ण योगदान भएको चर्चा गर्दै उनले आफ्नो यो भ्रमण पनि त्यसैको निरन्तरता भएको बताइन् । आफ्ना चिनियाँ समकक्षीसँग शुक्रवार भएको भेटवार्ता द्विपक्षीय हितका विविध पक्षका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा केन्द्रित रहेको जानकारी उनले दिइन् ।

दुवै देशमा विद्यमान अवसर र सम्भावनाहरूलाई आपसी हितका लागि भरपूर सदुपयोग गर्दै सम्बन्धलाई थप सुमधुर बनाउने विषयमा छलफल भएको उनले बताइन् । चिनियाँ विदेशमन्त्रीसँग आफूले चीनसँगको व्यापार, पर्यटन, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक-सामाजिक साझेदारी वृद्धिमा जोड दिएको बताइन् ।

चिनियाँ पक्षले पनि प्रस्तुत धारणाप्रति सकारात्मक जवाफ दिएको जानकारी परराष्ट्रमन्त्रीको भनाइ थियो । साथै उनले द्विपक्षीय सम्झौता तथा समझदारीहरूलाई तदारुकताका साथ कार्यान्वयन गर्ने सहमति भएको बताइन् । यो भ्रमणबाट आपसी विश्वास अभिवृद्धि गर्न मद्दत पुगेको परराष्ट्रमन्त्रीले बताइन् । *रासस*

ज्योति विकास बैंक र निव मनी ट्रान्सफरबीच सम्झौता

काठमाडौं (अस) । ज्योति विकास बैंकले निव मनी ट्रान्सफर प्रालिसँग सहकार्यका लागि सम्झौता गरेको छ । यो सहकार्यको लक्ष्य ग्राहकलाई सुगम र प्रभावकारी रेमिट्यान्स सेवा प्रदान गर्नु रहेको बताइएको छ । यस सम्झौताअन्तर्गत विदेशबाट निव मनी ट्रान्सफरमार्फत पठाइएको रेमिट्यान्स रकम ग्राहकले अब ज्योति विकास बैंकका विभिन्न शाखामार्फत सजिलै प्राप्त गर्न सक्ने बताइएको छ । यो सहकार्यले रेमिट्यान्समा निर्भर रहने व्यक्ति र परिवारलाई छिटो, सुरक्षित र सहज वित्तीय सेवा सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

निवसँगको सहकार्यले बैंकको वित्तीय समावेशिता प्रवर्द्धन गर्न र वित्तीय समाधानका लागि विश्वसनीय साझेदारको रूपमा यसको स्थानलाई सुदृढ गर्ने बैंकको प्रतिबद्धता प्रदर्शन गरेको बताइएको छ । बैंकले आफ्ना ग्राहकको सहजताको लागि विभिन्न संस्थासँग सहकार्य गर्दै आएको छ । साथै, डिजिटलाइजेसन सेवालाई सक्रिय रूपमा प्रवर्द्धन गर्दै बैंकले ग्राहकलाई सुविधाजनक र सुरक्षित पहुँच प्रदान गर्न डिजिटल बैंकिङ प्लेटफर्मलाई थप व्यवस्थित र उन्नत बनाउँदै आएको बताइएको छ ।

गुहेश्वरी मर्चेन्ट बैंकिङका वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस) । गुहेश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाइनान्सले धनुषाको महेन्द्रनगर-७ स्थित गंगोत्तरी उच्च माध्यमिक इङ्लिस बोर्डिङ स्कुलमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ । कार्यक्रममा विद्यार्थीको वित्तीय जानकारी अभिवृद्धिका लागि डिजिटल बैंकिङ, विप्रेषण सेवा, शेयर कारोबारसम्बन्धी जानकारी र सि-आस्वा, बैंकिङ कर्जा, बैंक खाता, बीमा लगायत विषयमा जानकारी दिइएको थियो । संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको बताइएको छ । कार्यक्रममा स्कुलका प्रिन्सिपल गणेशकुमार साह, यस संस्थाको महेन्द्रनगर शाखाका प्रबन्धक संजोग शर्मा तथा कर्मचारीहरूको उपस्थिति थियो । संस्थाले २३ शाखा कार्यालय, ४ विस्तारित काउण्टरमार्फत सेवा प्रदान गर्दै आएको छ । संस्थाले ग्राहकको आवश्यकतालाई ध्यानमा राखी एटीएम सेवा, सेफ डिपोजिट लकर सेवा, डिम्याट खाता, मोबाइल बैंकिङ सेवा जस्ता आधुनिक बैंकिङ सेवा समेत प्रदान गर्दै आएको बताइएको छ ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको भृकुटीमण्डपमा बिहीवारदेखि शुरू भएको चौथो प्लास्ट नेपाल एक्स्पोमा आगन्तुकहरू । प्लास्टिकजन्य वस्तुको उत्पादन, प्रशोधन, बिक्री गर्दै आएका उद्योगहरूको संगठन प्लास्ट नेपाल फाउन्डेसनले आयोजना गरेको एक्स्पो शनिवार समापन भएको हो । प्लास्ट नेपाल एक्स्पोका सभापति तथा फाउन्डेसनका अध्यक्ष दीपक श्रेष्ठले नेपालमा ८०० उद्योगले वार्षिक ७५ अर्ब रुपैयाँ बराबरको प्लास्टिक उत्पादन गर्दै आएको जानकारी दिए ।

रिलायन्स फाइनान्स एनपीएलमा लुम्बिनी लायन्सको प्रायोजक

काठमाडौं (अस) । रिलायन्स फाइनान्स लिमिटेडले नेपाल प्रिमियर लिग (एनपीएल)मा लुम्बिनी लायन्स फ्रेन्चाइजसँग प्रायोजन सम्झौता गरेको छ । रिलायन्स लुम्बिनी लायन्सको आधिकारिक वित्तीय साझेदारको रूपमा सहभागित हुने बताइएको छ । सम्झौतापत्रमा रिलायन्सका सीईओ समाजप्रकाश श्रेष्ठ र लुम्बिनी लायन्सका क्रिकेट म्यानेजर राजजंग थापाको उपस्थितिमा हस्ताक्षर गरिएको थियो । यस साझेदारीले फाइनान्सको नेपाली खेलकुदको विकास

र वृद्धिमा योगदान दिने प्रतिबद्धता उजागर गरेको संस्थाको भनाइ छ ।

लुम्बिनी लायन्स फ्रेन्चाइजको नेतृत्व नेपाली राष्ट्रिय टोलीका कप्तान रोहित पौडेलले गर्दैछन् । क्लबले अनुभवी र प्रतिभाशाली अन्तरराष्ट्रिय र राष्ट्रिय खेलाडीको समूहलाई समेटेको छ । टिममा अन्तरराष्ट्रिय खेलाडी बेन कटिङ, उन्मुक्त चन्द, इंग्ल्याण्डका टम मुरस, क्यानाडाका कप्तान साद बिन जफर र वेस्ट इन्डिजका रामोन सिम्मन्ड्स छन् । त्यस्तै राष्ट्रिय खेलाडीमा विवेक यादव, सन्दीप जोरा र सूर्य तामाङ रहेका छन् ।

नेपाल मर्चेन्ट बैंकर्स संघका पदाधिकारीद्वारा सेबोन अध्यक्षसँग भेटघाट

काठमाडौं (अस) । नेपाल मर्चेन्ट बैंकर्स संघको कार्यसमिति पदाधिकारीहरूले बिहीवार नेपाल धितोपत्र बोर्ड (सेबोन)का नवनियुक्त अध्यक्ष सन्तोषनारायण श्रेष्ठसँग भेटघाट गरेका छन् ।

ललितपुर खुमलटारस्थित बोर्डको कार्यालयमा आयोजना गरिएको उक्त भेटघाट कार्यक्रममा संघका अध्यक्ष रामेन्द्र रायमाझी, निवर्तमान अध्यक्ष विजयलाल श्रेष्ठ, उपाध्यक्ष मनिषनारायण जोशी, महासचिव निर्मल भट्टराई, कोषाध्यक्ष शिभान्तराज पाण्डे, सदस्यहरू सन्दिप कार्की र पुष्प शर्माको उपस्थिति थियो ।

उक्त कार्यक्रममा संघका अध्यक्ष रायमाझीले समग्र पूँजी बजारलाई स्वच्छ, पारदर्शी, भरपर्दो तथा विश्वासिलो बनाउन, लगानीकर्ताको हकहित संरक्षण गर्न तथा समग्र धितोपत्र बजारलाई समयसापेक्ष विकास तथा विस्तार गर्न आधुनिक प्रविधिमैत्री बनाई नियमन र सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

साथै, बोर्डका नवनियुक्त अध्यक्ष श्रेष्ठले समग्र पूँजीबजारलाई स्वच्छ, पारदर्शी तथा समय सापेक्ष आधुनिक प्रविधिमैत्री बनाई नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

ज्योति विकास बैंकका ग्राहकलाई 'ई-रिभल्भिङ इण्डियन कुजिन रेष्टुरेन्ट'मा छूट

काठमाडौं (अस) । ज्योति विकास बैंक लिमिटेडले काठमाडौंस्थित 'ई-रिभल्भिङ इण्डियन कुजिन रेष्टुरेन्ट'मा बैंकका ग्राहकलाई १० प्रतिशतसम्मको छूट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ । सम्झौतापश्चात् बैंकका ग्राहकले उक्त रेस्टुराँमा १० प्रतिशतसम्म छूट प्राप्त गर्न सक्नेछन् ।

बैंकले ग्राहकको सुविधालाई प्राथमिकतामा राख्दै अन्य विभिन्न व्यवसायसँग निरन्तर सहकार्य गर्दै ग्राहकलाई छूट तथा सुविधा प्रदान गर्दै आएको छ ।

बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले प्रदान गरेका ५१ ओटा बेबी वार्मर उपकरणमार्फत हरेक वर्ष करीब १८८७ भन्दाबढी नेपाली शिशुको अमूल्य जीवन रक्षामा सहयोग पुगेको अपेक्षा गरिएको छ ।

बैंकले हाल उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ एटीएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आएको छ ।

सलिको एनपीएलमा सुदूरपश्चिम रोयल्सको इन्स्योरेन्स पार्टनर

काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपीएल)मा सहभागी सुदूरपश्चिम रोयल्स र सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड (सलिको) बीचमा सलिको सुदूरपश्चिम रोयल्सको इन्स्योरेन्स पार्टनरका रूपमा रहने सम्झौता भएको छ । सम्झौतासम्बन्धी कार्यक्रममा सलिकोका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्री, नायब प्रमुख कार्यकारी अधिकृत बरिष्मा साउद आचार्य लगायत अन्य कर्मचारीको उपस्थिति रहेको कार्यक्रममा सुदूरपश्चिमका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्का र सलिकोका प्रमुख कार्यकारी क्षेत्रीले हस्ताक्षर गरेका छन् ।

उक्त सम्झौताअन्तर्गत रहेर सलिकोले यस टिमका

प्रत्येक सदस्यको प्रतिव्यक्ति १० लाख रुपैयाँ बराबरको दुर्घटना बीमा र १ लाख रुपैयाँ बराबरको औषधोपचार बीमाको व्यवस्था गरेको बताइएको छ । सुदूरपश्चिमका प्रमुख कार्यकारी अधिकृत खड्काले सलिकोसँगको आबद्धताले आफूहरू उत्साहित भएको बताए । सलिकोका प्रमुख कार्यकारी अधिकृत क्षेत्रीले सुदूरपश्चिम नेपाली क्रिकेट क्षेत्रमा योगदान दिने प्रतिभावान् खेलाडी उत्पादन गर्ने उर्वर भूमिका रूपमा रहँदै आएको उल्लेख गर्दै विशिष्ट प्रकारको संस्कृति, भाषा, रहनसहन र भौगोलिक सौन्दर्यले भरिपूर्ण प्रदेशको गौरवलाई बोकेको टिम सुदूरपश्चिम रोयल्ससँगको सहकार्यले कम्पनी हर्षित भएको बताए ।

विजय लघुवित्तको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

काठमाडौं (अस) । विजय लघुवित्त वित्तिय संस्था लिमिटेड धुलिखेलको आयोजनामा विद्यार्थीका लागि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ । विजय सामुदायिक शिक्षा सदन गैंडाकोटमा आयोजित कार्यक्रममा कक्षा ११ र १२ मा अध्ययनरत करीब २०० जना विद्यार्थीको सहभागिता थियो ।

संस्थाका सञ्चालक खेमराज सापकोटाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा संस्थाका अध्यक्ष लोकबहादुर खड्का, सञ्चालक कपिल न्यौपाने, कमलप्रसाद ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत वसन्तराज लम्साल लगायतको उपस्थिति थियो । कार्यक्रम सञ्चालन संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत नारायण सापकोटाले गरेका थिए ।

कार्यक्रममा संस्थाका

प्रमुख कार्यकारी अधिकृत लम्सालले वित्तीय साक्षरताको विषयमा प्रस्तुतीकरण दिएका थिए । प्रस्तुतीकरणमा वित्तीय साक्षरताको अर्थ, यसको महत्त्व, सिद्धान्त तथा वित्तीय साक्षरताका क्षेत्रका विषयमा विद्यार्थीहरूसँग अन्तरक्रियात्मक छलफल गरेका थिए । प्रस्तुतिमा उनले आवश्यकता तथा चाहना, पारिवारिक बजेट, वित्तीय लक्ष्य, बचत, कर्जा तथा वित्तीय सेवा प्रदायक संस्थाको बारेमा विस्तृत रूपमा छलफल गरेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष खड्काले निक्षेप तथा कर्जा सुरक्षा, विद्युतीय वित्तीय सेवा तथा यसको उपयोग, सम्पत्ति शुद्धीकरणको विषयमा विचार राखेका थिए ।

सोही अवसरमा संस्थाका सञ्चालक कमलप्रसाद ज्ञवालीले लघुवित्तले वित्तीय पहुँचमा पुऱ्याएको योगदानको विषयमा चर्चा गरेका थिए ।

महालक्ष्मी विकास बैंकका विभिन्न सामाजिक सहयोग कार्यक्रम

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण/सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार लगायत क्षेत्रमा विभिन्न कार्यक्रम गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ती कार्यक्रम गरेको बताएको छ ।

सोहीअन्तर्गत बैंकले आफ्ना विभिन्न कार्यालयमा रहेका डिस्पोजेबल कागज राउण्ड टेबल नेपाल र बैंकको प्रत्यक्ष निगरानीमा तोकिएका कागज उत्पादक कम्पनीलाई पुनः प्रशोधनका लागि दिई सोमार्फत प्राप्त रकम

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

गरीब तथा असहाय विद्यार्थीको शिक्षामा पहुँच विस्तार गर्दै आएको बताइएको छ ।

त्यस्तै बैंकले काठमाडौंको तीनकुने टोल सुधार समितिलाई फोहोर व्यवस्थापनमा सहयोग पुऱ्याउन डस्टबिन वितरण गरिएको बताइएको छ । बैंकले ललितपुर रत्न तथा आभूषण संघ र रोटरी क्लब अफ पाटन हेरिटेजसँगको सहकार्यमा सांस्कृतिक गहना र सम्बन्धित कलाकृतिको प्रदर्शनका साथै विभिन्न रत्नादी भएको परम्परागत आभूषणको प्रदर्शन गर्न आयोजित 'पाटन हेरिटेज रनवे'को आयोजनामा आर्थिक सहयोग गरेको बताइएको छ । त्यसैगरी दैनिक कामकाजलाई सहज रूपमा सञ्चालन गर्न आवश्यक पर्ने कम्प्युटर, मनिटर, कम्प्युटर टेबल, कुर्ची जस्ता कार्यालय सामग्री खरीद गर्न रूपन्देहीको सिद्धार्थनगरको एक शिव मन्दिरलाई आर्थिक सहयोग गरिएको बताइएको छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१/३२

शाखा कार्यालय : इटहरी, सुनसरी
फोन नं. : ०२५- ५८७३१०/११

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०८/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : विर्तामोड, झापा

ऋणीको विवरण

विरध्वज सिंह बुढाथोकीको नाति, दिल बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **मदन बहादुर बुढाथोकी (ना.प्र.प.नं. ६९७१२२७४, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दिल बहादुर बुढाथोकीको बुहारी, मदन बहादुर बुढाथोकी पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **तुलसा बुढाथोकी (ना.प्र.प.नं. ६९७११८७७, झापा)**

२. छत्र सिंह बुढाथोकीको नाति, डिल्ली बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **हेमन्त बुढाथोकी (ना.प्र.प.नं. २३१११६०९३, झापा)**

३. डिल्ली बहादुर बुढाथोकीको बुहारी, हेमन्त बुढाथोकीको पत्नी, मोरङ्ग जिल्ला, केरौन गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गिता कार्की (ना.प्र.प.नं. ४५५९४, मोरङ्ग)**

४. मधुसुदन घिमिरेको नाति, तारा प्रसाद घिमिरेको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **दुर्गाप्रिसाद घिमिरे (ना.प्र.प.नं. ०४३००२/८३ झापा)**

५. तारा प्रसाद घिमिरेको बुहारी, दुर्गाप्रिसाद घिमिरेको पत्नी, इलाम जिल्ला, शान्तीडाँडा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **बिन्दा खतिवडा (ना.प्र.प.नं. ०३-०१-०१३/९४९२७, इलाम)**

६. दिल बहादुर बुढाथोकीको नाति, मदन बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अबिनम सिं बुढाथोकी (ना.प्र.प.नं. ०४-०१-७०-१२९८६, झापा)**

७. मदन बहादुर बुढाथोकीको बुहारी, अबिनम सिं बुढाथोकीको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रचना सिलवाल (ना.प्र.प.नं. ०४-०१-७४-०५०८१, झापा)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **मदन बहादुर बुढाथोकीको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता रहेको झापा जिल्ला, पारासोपी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १३२०, १३१६ र ११८६ को क्रमशः क्षेत्रफल ०-३-१७-२, ०-९-१७-० र ०-०-१६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **तुलसा बुढाथोकीको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता रहेको झापा जिल्ला, पारासोपी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ९६५ को क्षेत्रफल ०-०-१८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

नोटः माथि उल्लेखित धितोमा रहेको सम्पत्ति ऋणी सप्तदीप सप्लायर्स प्रा.लि. को लागि समेत धितोमा रहेको ।

शाखा कार्यालयः इटहरी, सुनसरी

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, इटहरी, सुनसरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/०३/०३ मा दर्ता नं. ४५७/०६४/०६५ कायम भई दर्ता भएको सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. १ स्थित **जय लक्ष्मी गहना गृह प्रोप्राइटरः किशोर भट्टराई**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पदम प्रसाद भट्टराईको नाति, विमल प्रसाद भट्टराईको छोरा, सुनसरी जिल्ला, इटहरी गा.वि.स/ न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **किशोर भट्टराई (ना.प्र.प.नं. ६२९९७/६३९९७, सुनसरी)**

२. पदम प्रसाद भट्टराईको नाति, विमल प्रसाद भट्टराईको छोरा, सुनसरी जिल्ला, इटहरी गा.वि.स/ न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **विनोद भट्टराई (ना.प्र.प.नं. २७९८७/२९९८७, सुनसरी)**

३. अभय शेखर भट्टराईको नाति, पदम प्रसाद भट्टराईको छोरा, सुनसरी जिल्ला, इटहरी गा.वि.स/ न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **विमल प्रसाद भट्टराई (ना.प्र.प.नं. ३२८४/१८७६, सुनसरी)**

४. विमल प्रसाद भट्टराईको बुहारी, किशोर भट्टराईको पत्नी, सुनसरी जिल्ला, बराहक्षेत्र गा.वि.स/ न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **करिश्मा न्यौपाने (ना.प्र.प.नं. ४८५६८, सुनसरी)**

५. पदम प्रसाद भट्टराईको बुहारी, विमल प्रसाद भट्टराईको पत्नी, सुनसरी जिल्ला, इटहरी गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **वदनशिला भट्टराई (ना.प्र.प.नं. ४८०३/३३६, सुनसरी)**

धितोमा रहेको सम्पत्तिको विवरण

किशोर भट्टराईको नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.प.न.पा. वडा नं. ४ स्थित कित्ता नं. २३९०,२३९१, २३९२, २३९३, २३९४ र २५६० को क्रमशः क्षेत्रफल ०-०-७.७५-० ,०-०-३-०, ०-०-९.२५-० ,०- ०-४.७५-० ,०-०-११.५-० र ०-०-१०.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/१६ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु विर्तामोड, झापा र इटहरी, सुनसरीबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति मिति २०८१/०८/३० गते आइतबार सार्वजनिक बिदा परेकोले मिति २०८१/०९/०१ गते सोमबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/०९/०२ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा मियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापा र इटहरी, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

उपभोक्ता ऋण, व्यावसायिक ऋण, सरकारी ऋण सबैको ब्याजदरमा आउने साना परिवर्तनले पनि ठूलो प्रभाव पार्छ। एउटा सानो हल्लाले डुंगालाई उल्टाउन सक्छ।
- बिल ग्रोस

सम्पादकीय

मोबाइलमा 'डुओपोली' हटाउन जरुरी

मोबाइल सेवा प्रदान गर्नेमा निजीक्षेत्रको सेवाप्रदायक कम्पनी एउटामात्रै हुँदा प्रतिस्पर्धा कम भएको भन्दै नेपालमा तेस्रो सेवाप्रदायक भित्र्याउन सरकारले पहल थालिरहेको बेला इन्टरनेट सेवाप्रदायक वर्ल्डलिंकले मोबाइल क्षेत्रमा समेत सेवा प्रदान गर्न आफू तयार रहेको बताएको छ। नेपालको सबैभन्दा ठूलो फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट सेवाप्रदायक वर्ल्ड लिंकले फिनल्यान्डको फिनफन्डसँग लगानीसम्बन्धी सम्झौता गरेको दिन मोबाइल क्षेत्रमा पनि लगानी गर्ने इच्छा व्यक्त गरेको हो। सरकारले तेस्रो मोबाइल कम्पनी भित्र्याउन अध्ययन थाल्नु र वर्ल्ड लिंकले यस्तो अभिव्यक्ति दिनुका बीचमा केही सम्बन्ध हुन सक्ने आकलन गर्न सकिन्छ।

नेपालमा अहिले इन्टरनेट सेवाप्रदायक संस्था दर्जनौं छन्। त्यसैले मूल्य र सेवामा प्रतिस्पर्धामा छ। तर, हाल नेपालमा नेपाल टेलिकम र एनसेलले मात्र मोबाइल सेवा सञ्चालन गरिररहेका छन्। सरकारी र निजी कम्पनीबीचको प्रतिस्पर्धाले मोबाइल सेवामा निकै सुधार भएको छ। तर, निजी कम्पनीहरूबीच पनि प्रतिस्पर्धा हुने हो भने त्यसले मोबाइल सेवालाई थप प्रतिस्पर्धी बनाउनेछ। त्यसैले सेवाग्राहीलाई थप सस्तो र गुणस्तरीय सेवा उपलब्ध गराउन तेस्रो सेवा प्रदायकको आवश्यकता महसूस गरेर चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा नयाँ टेलिकम अपरेटर ल्याउनका आवश्यक अध्ययन गरिने उल्लेख गरिएको छ।

त्यस्तै, प्राधिकरणले २०८० असारमा नेपालमा मोबाइल सेवामा फ्रिक्वेन्सी प्रयोगको वर्तमान अवस्था र भावी योजनासम्बन्धी अवधारणापत्र सार्वजनिक गरेको थियो। जसमा मोबाइल सेवामा दुई कम्पनीको मात्र अधिकार हुँदा प्रतिस्पर्धा कम हुनुका साथै गुणस्तरमा प्रतिस्पर्धा हुन नसकेको उल्लेख गरिएको थियो। मोबाइल सेवाप्रदायक कागजमा चार छन्। तर, व्यवहारमा दुई सेवा प्रदायकको बजार अंश ९६ प्रतिशत छ। यो भनेको दुई कम्पनीको मात्र अधिकार अर्थात् 'डुओपोली'को अवस्था हो। अर्को आउन सक्यो भने प्रतिस्पर्धा बढ्छ र त्यो

मोबाइलको स्वीकृतिका लागि दिइने लाइसेन्सको शुल्क पनि महँगो देखिन्छ। भ्वाइस सेवा घट्दै गइरहेकाले उनीहरूको व्यवसाय निकै घटेको छ। त्यसो हुँदा नवीकरण शुल्कमा पनि पुनर्विचार गर्नु उपयुक्त देखिन्छ।

सेवाप्रदायकको हितमा हुन्छ। निजी एउटा र सरकारी एउटा मात्र हुँदा निजीले पनि सरकारीको गुणस्तरभन्दा अलिकति राम्रो मात्र गर्ने प्रवृत्ति हुन्छ। त्यसैले कम्तीमा दुईओटा निजी कम्पनी आवश्यक छ।

यद्यपि नेपालमा मोबाइल कम्पनीको लाइसेन्सलाई लिएर निकै राजनीतिक खिचातानी भएको छ। स्मार्ट नेपाल अहिले बन्द अवस्थामा छ भने विनोद चौधरीले ५जी सेवाका लागि अनुमति मागे पनि पाएका छैनन्। उनको पुरानो कम्पनीको विवाद पनि उत्तिकै छ। त्यस्तै भारतीय लगानीको यूटीएल पनि बन्द अवस्थामा छ। यस्तोमा नयाँ मोबाइल कम्पनी कसरी सञ्चालन हुन सक्लान् भन्ने चिन्ता पनि आफ्नो ठाउँमा नभएको होइन। त्यसो त विश्वभरि नै भ्वाइस सर्भिसको व्यवसाय घट्दै छ। नेपालमा पनि त्यस्तै देखिँदै छ तर डेटाको व्यवसाय भने बढिरहेको छ। त्यसैले नयाँ मोबाइल कम्पनी आयो भने ऊ डेटाकै लागि आउने करीब करिब निश्चित छ।

आजभन्दा ११ वर्षअघिको अवस्था हेर्ने हो भने इन्टरनेट पहुँच केवल २ प्रतिशत मात्र थियो। आज ८४ प्रतिशत पुगेको छ। देशव्यापी जानसक्ने इन्टरनेट सेवाप्रदायक सयभन्दा बढी छन्। तीनओटा ग्रामीण सेवाप्रदायक छन्। तर, धेरैको एकदमै थोरै ग्राहक छन्। त्यसैले प्राधिकरणले इन्टरनेट सेवाप्रदायकको लाइसेन्सका लागि केही कडाइ गरेको छ।

नेपालको भौगोलिक बनोटका कारण अप्टिकल फाइबरबाट देशभर इन्टरनेट सेवा पुऱ्याउन निकै खर्चिलो हुन्छ। त्यसैले मोबाइल डेटामा प्रतिस्पर्धा आवश्यक छ। अर्को, स्याटालाइटबाट इन्टरनेट सेवा दिन एलन मस्कको स्टारलिंक कम्पनी पनि नेपाल आउन इच्छुक भन्ने खबर आइरहेको छ। यस्तोमा नयाँ सेवाका लागि ढोका खुला राख्नु उपयुक्त हुन्छ।

त्यसका लागि प्रचलित कानूनमा केही सुधार गर्नुपर्ने हुन सक्छ। त्यस्तै मोबाइलको स्वीकृतिका लागि दिइने लाइसेन्सको शुल्क पनि महँगो देखिन्छ। भ्वाइस सेवा घट्दै गइरहेकाले उनीहरूको व्यवसाय निकै घटेको छ। त्यसो हुँदा नवीकरण शुल्कमा पनि पुनर्विचार गर्नु उपयुक्त देखिन्छ।

आर्थिक अभियान
१० वर्षअघिको आर्थिक अभियानबाट

कुल निक्षेपको ५९ प्रतिशत काठमाडौंमा

गत आवको असार मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थामा रहेको कुल निक्षेपमध्ये ५९ प्रतिशत काठमाडौं क्षेत्रमा मात्र रहेको छ। आर्थिक वर्ष २०६८/६९ को नेपाल राष्ट्र बैङ्कको 'आर्थिक गतिविधि अध्ययन प्रतिवेदन'मा यस्तो देखिएको हो। तर, अध्ययनमा समेटिएको क्षेत्रको कुल निक्षेपमध्ये काठमाडौं क्षेत्रले ६५ प्रतिशत ओगटेको पनि राष्ट्र बैङ्कले जानकारी दिएको छ। यस्तै उपत्यकाबाहिरका क्षेत्रमध्ये सबैभन्दा बढी निक्षेप पोखरा क्षेत्रमा ७ दशमलव ८ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रमा १ दशमलव ८ प्रतिशत रहेको पनि प्रतिवेदनमा उल्लेख छ।

यसैगरी, गत आवको असार मसान्तसम्ममा देशभरका बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित कल कर्जा तथा सापटीमध्ये काठमाडौं क्षेत्रमा मात्र ४५ प्रतिशत रहेको छ। तर, अध्ययनमा समेटिएको क्षेत्रको कुल कर्जा तथा सापटीमध्ये काठमाडौं क्षेत्रले ६१ दशमलव ५ प्रतिशत ओगटेको पनि राष्ट्र बैङ्कले जानकारी दिएको छ। यस्तै उपत्यकाबाहिरका क्षेत्रमध्ये सबैभन्दा बढी वीरगञ्ज क्षेत्रमा ९ दशलमव ३ प्रतिशत र सबैभन्दा कम धनगढी क्षेत्रमा १ दशमलव ८ प्रतिशत कर्जा तथा सापटी रहेको पनि प्रतिवेदनमा उल्लेख छ।

वर्ष ८, अंक ७५, सोमवार १८ मङ्सिर, २०६९

बढ्दै छ लघुवित्तमा कालोसूची

कारण नियत हो कि परिस्थिति ?

लघुवित्त क्षेत्रमा ऋणीसदस्यको नाम कालोसूचीमा समावेश हुनु गम्भीर विषय भएकाले आफ्नो क्षमता र आवश्यकताअनुसारको कर्जा लिई त्यसको सदुपयोग गर्दै तोकिएको समयमा नै कर्जाको साँवाब्याज चुक्ता गर्नुपर्छ।

- उमा जोशी बोहरा

सीमित ऋणीमा कर्जा अधिकेन्द्रित भई ऋणग्रस्त हुने र अर्कोतिर लक्षित वर्गको उल्लेख्य संख्याले कर्जा लिने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना नहोस् भन्ने उद्देश्यले लघुवित्त संस्थाहरूले सदस्यको कर्जा कारोबारसम्बन्धी पछिल्लो अवस्थाको जानकारी लिएर मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ। यसका लागि राष्ट्र बैंकले लघुवित्त संस्थालाई कर्जा सूचना केन्द्रको सञ्जालमा आबद्ध भई सदस्यको कर्जा सूचना अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी कर्जा लिई विभिन्न कारणले तोकिएको समयमा नियतवश कर्जाको साँवा, ब्याज भुक्तानी नगरेका खराब ऋणीलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा राख्नुपर्ने व्यवस्थासमेत गर्दै आएको छ।

लघुवित्त क्षेत्रको कर्जा व्यवस्थापन गर्ने उद्देश्यले राष्ट्र बैंकले आर्थिक वर्ष (आव) २०७५/७६ देखि लघुवित्त संस्थालाई कर्जा सूचना केन्द्रको सञ्जालमा अनिवार्य रूपले आबद्ध हुनुपर्ने व्यवस्था गरेको हो। यद्यपि, क, ख र ग वर्गका बैंक/वित्तीय संस्थाहरू विगतदेखि नै केन्द्रको सञ्जालमा जोडिएका छन्। सामूहिक जमानीमा विनाधितो प्रदान गरिने कर्जा ऋणीको क्षमता र आवश्यकताभन्दा बढी प्रवाह भई सदुपयोग हुन सकेन भने ऋणीसदस्यहरू ऋणग्रस्त भई आर्थिक अवस्थामा सुधार हुनुको सट्टाविपरीत प्रभाव पर्ने र संस्थाले कर्जा नोक्सानी व्यवस्थामा ठूलो रकमको व्यवस्था गर्नुपर्ने भएकाले त्यस्तो अवस्थाबाट जोगिनका लागि ऋणीको कर्जा कारोबार सम्बन्धमा विस्तृत रूपले विश्लेषण गर्नुपर्छ। त्यसैले संस्थाले नयाँ कर्जा प्रदान गर्न, थप कर्जा प्रदान गर्न, कर्जा नवीकरण गर्न, कर्जाको पुनः संरचना/पुनर्तालिकीकरण गर्नका लागि सदस्यको कर्जासम्बन्धी सूचना लिनुपर्ने व्यवस्थाको अनुपालन गर्दै आएका र नियतवश कर्जा नतिर्ने खराब ऋणीसदस्यलाई संस्थाको सिफारीसमा केन्द्रले कालोसूचीमा समावेश गर्दै आएको छ।

कर्जा सूचना केन्द्रले लघुवित्त संस्थाको सिफारिशमा २०७९ साउनदेखि नियतवश कर्जा नतिर्ने ऋणीसदस्यको नाम कालोसूचीमा समावेश गर्दै आएको छ। केन्द्रका अनुसार २०८० असार मसान्तमा कालोसूचीमा रहेका ऋणीसदस्यको संख्या ६७४, २०८१ असारमसान्तमा ४ हजार १११ र २०८१ मङ्सिर ४ गते ५,६०४ पुगेको देखिन्छ। उल्लिखित तथ्यांकलाई हेर्दा २०८० असारमसान्तदेखि २०८१ असारमसान्तसम्म १ वर्षको अवधिमा कालोसूचीमा पर्ने ऋणीसदस्यको संख्या ५०९ प्रतिशतले बढेको देखिन्छ भने चालू आवको पहिलो ४ महिनामा यो संख्यामा झन्डै १,५०० जना थपिएका छन्। त्यसैगरी २०८१ असार मसान्तमा कुल कर्जा लगानी रू. ४०२ अर्बको ६ दशमलव १७ प्रतिशत (झण्डै २५ अर्ब) निक्रिय कर्जाको अंश हुनुले डिफल्टर ऋणीसदस्यको सूची लामो भएको र यस्तै अवस्था कायम रहेमा भविष्यमा कालोसूचीको संख्या पनि बढ्नसक्ने अनुमान गर्न सकिन्छ।

लघुवित्त संस्थाबाट कर्जा लिई नियतवश कर्जा नतिर्ने र परिस्थितिजन्य कारणले कर्जा तिर्न नसकेका ऋणीसदस्यमध्ये नियतवश कर्जा नतिर्ने ऋणीसदस्यबाट कर्जा असुलीका आवश्यक प्रक्रियाहरू पूरा गर्दासमेत कर्जा असुली हुन नसकेमा त्यस्ता ऋणीसदस्यलाई संस्थाको सिफारिशमा कर्जा सूचना केन्द्रले कालोसूचीमा समावेश गर्ने प्रावधान रहेको छ। कर्जा प्रवाह गर्दा अपनाउनुपर्ने सावधानी र आवश्यक प्रक्रिया अवलम्बन नगरेकै कारण संस्थामा खराब ऋणीको संख्या सँगसँगै कालोसूचीको संख्या वृद्धि भएको देखिन्छ। यस क्षेत्रमा अस्वस्थ्य प्रतिस्पर्धा बढेसँगै लघुवित्त संस्थाले लक्षित वर्गको छनौट, कर्जा विश्लेषण, कर्जा सदुपयोगिता, कर्जा असुलीलगायत कर्जासँग सम्बद्ध पक्षलाई गहन तरीकाले अध्ययन नगर्नु, नाफालाई संस्थाको सफलताको आधारसँग जोड्ने प्रवृत्ति बढ्दै गएकाले गुणस्तरीय कर्जा भन्दा परिमाणात्मक कर्जा प्रवाहलाई जोड दिनु, बहुबैंकिङ कारोबार र सीमाभन्दा बढी कर्जा प्रवाहले सिमित ऋणीसदस्यमा कर्जा अधिकेन्द्रित हुनुलगायत कारणले नियतवश कर्जा नतिर्ने खराब ऋणीको संख्या वृद्धि भएको देखिन्छ।

त्यसैगरी लघुवित्त संस्था र सहकारीलाई एउटै डालोमा हालेर हेर्ने, लघुवित्त संस्था खारेज गर्नुपर्ने, कर्जा मिनाहा हुनुपर्ने जस्ता माग राख्दै अराजक गतिविधिहरू सञ्चालन गर्ने, आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न राजनीतिक नेतृत्वले उक्त अराजक गतिविधिलाई पृष्ठपोषण गर्नेलगायत कार्य हुनु, लक्षित वर्ग चयन गर्ने कार्य सही तवरले हुन नसक्दा लघुवित्त संस्थाले प्रदान गर्ने कर्जामा गैरलक्षित वर्ग/टाठाबाठाको सहजै पहुँच पुग्नु र आफूले लिएको कर्जा भुक्तानी नगर्ने नियतले लघुवित्त संस्थाविरुद्ध भइरहेको अराजक गतिविधिमा संलग्न भई यस क्षेत्रप्रति नै नकारात्मक भ्रम फैलाउन तिनै वर्ग लागिपर्नु आदि कारणले लघुवित्त क्षेत्रमा कर्जा असुली कार्य प्रभावित भएको देखिन्छ। माथि उल्लिखित अवस्था र कोभिड संक्रमणका बेला अन्य क्षेत्रमा कर्जा लगानी न्यून हुन गई आधारदरमै लघुवित्त क्षेत्रमा विपन्न वर्ग सापटीको सहज उपलब्धताले माग पक्ष भन्दा आपूर्ति पक्ष हावी हुन गई आवश्यकता र क्षमताभन्दा बढी कर्जा प्रवाह हुँदा ऋणीसदस्यमा एउटा संस्थाबाट कर्जा लिई अर्को संस्थाको किस्ता भुक्तानी गर्ने बानीको विकास भएको पाइन्छ। लघुवित्त क्षेत्रमा देखिएको यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न राष्ट्र बैंकले सदस्यले एउटा लघुवित्त संस्थाबाट मात्र कर्जा लिन पाउने र क, ख र ग वर्गका बैंक/वित्तीय संस्थाबाट कर्जा लिने ऋणीसदस्यले लघुवित्त संस्थाबाट कर्जा लिन अयोग्य हुने निर्देशन जारी गरेपश्चात् ऋणीसदस्यले लिएको कर्जाको किस्ता तोकिएको समयमा भुक्तानी हुन नसकी संस्थाले प्रवाह गरेको कर्जा खराब वर्गमा परिणत भई नियतवश कर्जा नतिर्ने ऋणीसदस्यको संख्या बढ्न गई कालोसूचीको संख्या ह्वात्तै बढेको देखिन्छ।

कर्जा सूचना केन्द्रले नयाँ कर्जा प्रदान गर्न, थप कर्जा प्रदान गर्न, कर्जा नवीकरण गर्न, कर्जाको पुनः संरचना/पुनर्तालिकीकरण गर्नका लागि सदस्यको कर्जासम्बन्धी सूचना लिनुपर्ने व्यवस्थाको अनुपालन गर्दै आएका र नियतवश कर्जा नतिर्ने खराब ऋणीसदस्यलाई संस्थाको सिफारीसमा केन्द्रले कालोसूचीमा समावेश गर्दै आएको छ।

ऋणीसदस्यहरू कालोसूचीमा समावेश भएपश्चात् सामाजिक प्रतिष्ठामा नकारात्मक प्रभाव पर्ने, बैंक/वित्तीय संस्थामा भएको खातामा रकम जम्मा गर्नेबाहेक नयाँ खाता खोल्ने, नयाँ कर्जा लिने, कर्जाको नवीकरण गर्ने, कर्जाको पुनः संरचना/पुनर्तालिकीकरण र कर्जाको बाँकी किस्ता प्राप्त गर्नेलगायत बैंकिङ कार्य गर्न नपाउने, डेबिट/क्रेडिट कार्ड प्रयोग गर्न नपाउने, ऋणीसदस्यलाई नयाँ राहदानी जारी नगर्न र भइरहेको राहदानी जफत गर्न संस्थाले राष्ट्र बैंकमार्फत नेपाल सरकारलाई सिफारिश गर्नसक्ने, इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाको संस्थापक/सञ्चालक हुन नपाउने र परेको भए कालोसूचीबाट फुकुवा भएको ३ वर्ष व्यतीत भएको हुनुपर्ने लगायत व्यवस्था रहेको पाइन्छ। यसरी लघुवित्त क्षेत्रमा ऋणीसदस्यको नाम कालोसूचीमा समावेश हुनु गम्भीर विषय भएकाले कर्जा लिँदा आफ्नो क्षमता र आवश्यकताअनुसारको कर्जा लिई त्यसको सदुपयोग गर्दै तोकिएको समयमा नै कर्जाको साँवाब्याज चुक्ता गर्नुपर्छ।

लघुवित्तमा बढ्दै गएको कालोसूचीमा समावेश ऋणीको संख्यामा कमी ल्याउन र आगामी दिनमा यस्तो अवस्था आउन नदिन लघुवित्त संस्थाले गुणस्तरीय कर्जालाई जोड दिनुपर्छ। लघुवित्त क्षेत्रमा कर्जा असुली हुन नसक्नुको कारणको सन्दर्भमा हालै सम्पन्न एउटा छलफल कार्यक्रममा सहभागी फिल्ड कर्मचारी र शाखा प्रमुखलाई सोधिएको जिज्ञासामा आन्तरिक र बाह्य कारण जिम्मेबार रहेको विचार व्यक्त गरेका थिए। उनीहरूका अनुसार लघुवित्त क्षेत्रमा भएका पछिल्ला अराजक गतिविधिप्रति सरकारबाट आवश्यक कदम नचालिनु, आर्थिक मन्दी, लघुवित्त संस्थाविरुद्ध नकारात्मक गतिविधि र भ्रम फैलाउनु, राजनीतिक नेतृत्वको लघुवित्त क्षेत्रप्रतिको गलत अभिव्यक्ति, लघुवित्त संस्थालाई सहकारी संस्थाकै वर्गमा राख्नु र सहकारी क्षेत्रमा भइरहेको वर्तमान अस्वस्थ्य अवस्था, ऋणीसदस्यमा सचेतनाको कमी र कमजोर वित्तीय साक्षरता, सदस्यमा उत्प्रेरणाको कमी र कर्जा लिनकै लागि संस्थामा आबद्ध हुने प्रवृत्ति, सही तवरले लक्षित वर्ग छनोट नहुँदा संस्थामा गैरलक्षित वर्गको सहज पहुँच पुग्नु, कर्जा विश्लेषण नहुनु वा कमजोर हुनु, एउटा ऋणीसदस्यको कर्जा अर्को सदस्यले प्रयोग गर्नु, बहुबैंकिङ कारोबार र कर्जा सदुपयोगितालाई ध्यान नदिईनु, संस्था/कर्मचारी र सदस्यविच साहू र आसामीको जस्तो सम्बन्ध हुनु, संस्थाहरूबीचको अस्वस्थ्य प्रतिस्पर्धा आदी रहेका थिए। यसरी बाह्यभन्दा आन्तरिक कारणले गर्दा यस क्षेत्रमा कालोसूचीमा समावेश हुने ऋणीसदस्यको संख्या बढ्दै गएको कुरालाई लघुवित्त संस्थाले मनन गर्नुपर्ने देखिन्छ।

विगतमा भएका कमीकमजोरीलाई शिक्षाका रूपमा लिई आवश्यक सुधार गर्ने, सामाजिक सेवासहितको वित्तीय सेवा प्रदान गर्ने, सदस्यलाई कालोसूचीसम्बन्धी विस्तृत जानकारी दिनेलगायत कार्यले कालोसूचीमा कमी ल्याउन सकिन्छ। कर्जा अनिवार्य दायित्व भएकाले कुनै पनि अवस्थामा मिनाहा नहुने भएकाले तोकिएको समयमा भुक्तानी गर्नुपर्छ, यसो गरिएन भने ब्याज, जरीवाना र हर्जानाले ऋणीसदस्यको दायित्व झन् थप हुँदै जाने र कालोसूचीमा समावेश हुने संख्या बढ्ने सम्बन्धमा सरोकारवालाले बुझ्नु र बुझाउनुपर्ने देखिन्छ।

लेखक लघुवित्तसम्बन्धी जानकारी व्यक्ति हुन्।

करका कुरा

कट्टी गर्न नपाइने खर्चहरू

कुनै आयवर्षमा ५ लाख रूपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले उक्त आयवर्षमा एकपटकमा ५० हजार रूपैयाँभन्दा बढीको नगद भुक्तानी गरेमा बाहेक उक्त खर्च कट्टी गर्न पाउने छैन।

- तुलसी काफ्ले

प्राकृतिक व्यक्तिका घरखर्चका लागि चलाइएका रकम वा घरेलु वा व्यक्तिगत प्रकृतिका (प्राकृतिक व्यक्तिका खाना, खाजा, वासस्थान, मनोरञ्जन, आमोदप्रमोदजस्ता) खर्च, व्यवसायको सिलसिलामा आवतजावत गर्नबाहेक प्राकृतिक व्यक्तिले घरबाट व्यवसाय सञ्चालन गरिने स्थानमा आवतजावत गरेबापतको खर्च, काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका (प्रहरी र सैनिकले लगाउनेजस्ता लुगा) लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको किन्न भएको खर्च र शिक्षा वा तालिमका लागि गरिएको खर्चहरू कट्टी गर्न नपाइने गरी रोक लगाएको छ। तर, कुनै डिग्री वा डिप्लोमा प्राप्त नहुने किसिमका व्यवसायसँग प्रत्यक्ष रूपले सम्बद्ध शिक्षाका लागि मात्र (व्यावसायिक क्षेत्रका तालिम) गरिएको खर्च कट्टी गर्न पाइन्छ।

कर, जरीवाना

ऐनबमोजिम बुझाउनुपर्ने कर र कुनै देशको सरकार तथा त्यसको कुनै पनि स्थानीय निकायलाई कुनै कानून वा सो कानूनअन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लंघन गरेबापत बुझाइएको जरीवाना र यस्तै अन्य ('क' कम्पनीले नेपाल सरकारलाई करबापत १ लाख र जरिबाना बापत २ लाख रुपैयाँ तिरेको रहेछ भने उक्त ३ लाख) शुल्क, कर छूट पाउने आय प्राप्त गर्न गरिएको (कर छूट पाउने 'क' भन्ने सामाजिक संस्थाले चन्दा प्राप्त गर्न आतेजाते गर्दाको ५ हजार रुपैयाँ खर्च गरेमा) रकम वा अन्तिम रूपमा कर कट्टी गरिएका रकम प्राप्त गर्न गरिएका ('अ' भन्ने व्यक्तिले 'आ' भन्ने बैंकबाट लाभांशबापत प्राप्त गर्नुपर्ने १० हजार रुपैयाँ प्राप्त गर्न गरेको यातायातजस्ता रकम) खर्च, कुनै निकायबाट गरिएको मुनाफाको वितरण ('का' भन्ने निकायबाट गरिएको मुनाफाको वितरणको रकम १ करोड रुपैयाँ) बापतको रकम र बैंकमार्फत भुक्तानी नभएको प्रतिव्यक्ति मासिक २५ हजार रुपैयाँभन्दा बढीको पारिश्रमिकजस्ता खर्चहरू कट्टी नहुने रकममा पर्छन्। तर, प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चका रूपमा कट्टी गर्न पाइन्छ। यस्तै भन्सार दरबन्दीअनुसार प्रचलित कानूनबमोजिम पैठारी हुने वस्तुमा तिरेको भन्सार पनि खर्च कट्टी पाइन्छ।

खर्चको स्थिति र सीमा

कुनै आयवर्षमा २० लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले उक्त आयवर्षमा एकपटकमा ५० हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरेमा बाहेक उक्त खर्च कट्टी गर्न पाउने छैन। नेपाल सरकार, संवैधानिक निकाय, नेपाल सरकारको स्वामित्व भएको संस्थान वा बैंक वा वित्तीय संस्थालाई गरिएको भुक्तानी, प्राथमिक कृषि पैदावार उत्पादन गर्ने कृषक वा उत्पादकलाई भुक्तानी गर्दा र त्यस्तो पैदावारको प्राथमिक प्रशोधन भइसकेको भए पनि कृषक आफैले प्रशोधन गरी भुक्तानी पाएको भए त्यो रकमबाहेक, अवकाश योगदान वा अवकाश भुक्तानीबापतको भुक्तानी, नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त डिजिटल वालेटको माध्यमबाट हुने भुक्तानी, बैंकिङ सेवाहरू उपलब्ध नभएका स्थानमा गरिएको भुक्तानीबाहेक भुक्तानी पाउने व्यक्तिको बैंक खातामा जम्मा गरिएको रकम भुक्तानीबापतका खर्चहरू कट्टी गर्न पाइने छैन। ब्याज खर्च, व्यापार मौज्दातको लागतको खर्च, अनुसन्धान तथा विकास खर्च, मर्मतसुधार खर्च, प्रदूषण नियन्त्रण खर्च, ह्रास खर्च, दफा ५७ को अधीनमा रही व्यवसाय वा लगानीमा समेतका व्यवस्थाका अधीनमा रही गरिएका पूँजीगत प्रकृतिका खर्च र वैदेशिक आयकरबापतका रकम कट्टी गर्न पाइने छैन।

आयकर नियमावलीको नियम ६ बमोजिम सानातिना रकमअन्तर्गत 'चिया खर्च, स्टेशनरी, बक्सिस, पुरस्कार, आपत्कालीन औषधोपचार तथा विभागले तोकेका यस्तै प्रकारका भुक्तानीबापत भुक्तानीकर्ताले एकपटकमा ५ सय रूपैयाँ'सम्म भुक्तानी भनी तोकिएकाले सोहदसम्मका खर्चलाई मान्यता दिइन्छ।

सानातिना खर्च र अव्यावसायिक खर्च

पटके प्रकृतिको ३ हजार रुपैयाँसम्मको ज्याला भुक्तानीबाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च। स्थायी लेखा नम्बर नभएका २ हजार रुपैयाँभन्दा बढी मूल्यको बीजकबापतको खर्च, तर व्यसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग ('आ बहादुर' कृषक रहेछन् उनले घरमा पालेको गाई बेच्दा उनले स्थायी लेखा नम्बर नलिएको भए पनि खरीदकता 'ऊ बहादुर' को खरीद मान्य हुने) सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिदमा विक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरीद मान्य हुन्छ।

आयकर नियमावलीको नियम ६ बमोजिम सानातिना रकमअन्तर्गत 'चिया खर्च, स्टेशनरी, बक्सिस, पुरस्कार, आपतकालिन औषधोपचार तथा विभागले तोकेका यस्तै प्रकारका भुक्तानीबापत भुक्तानीकर्ताले एकपटकमा ५ सय रुपैयाँ'सम्म भुक्तानी भनी तोकिएकाले त्यो हदसम्मको खर्चलाई मान्यता दिइन्छ।

घूस/रिस्वत

ऐनको कुनै दफामा स्पष्ट रूपमा खर्च कट्टी नपाउने भनी नभनिएको भए तापनि यस्ता अन्य कुनै रकमसमेत खर्च कट्टी गर्न पाइने छैन। यस्ता खर्चमा 'गैरकानूनी तरीकाका खर्चहरू, घूस रिस्वत' अर्थात् आफूले वा अरू कसैले कुनै नाजायज वा गैर कानूनी फाइदा वा लाभ लिने वा अन्य कसैलाई वा सार्वजनिक रूपमा नोक्सानी गर्ने कुनै काम गर्न वा नगर्न कसैलाई घूस दिएको रकम खर्चकट्टी दाबी गर्न पाइँदैन। यस्तै कुनै आतंककारी भनी घोषित समूहले जबरजस्ती गरी असुली गरेको कुनै वस्तु वा चन्दा जस्ता रकमहरू दिनु परेको भए पनि त्यस्तो वस्तु वा रकम खर्चकट्टी पाइँदैन।

ऐन र अभ्यास

मिति ०६५/४/२९ मा 'श्रम ऐनमा व्यवस्था भएको 'हाउजिङ प्रोभिजन'को खर्चलाई खर्चका रूपमा मिनाहा दिन मिल्ने/नमिल्ने सम्बन्धमा व्यवस्थापकले कामदार तथा कर्मचारीहरूका लागि प्रत्येक वर्ष प्रतिष्ठानको कुल मुनाफाको ५ प्रतिशतमा रकम नघटाई क्रमशः वासस्थानको प्रबन्ध गर्दै लानुपर्ने, त्यस्तो वासस्थान पूँजीगत प्रकृतिको हुने र त्यसमाथि प्रतिष्ठानकै स्वामित्व कायम हुने तथा त्यस्ता सम्पत्ति ह्रासयोग्य सम्पत्ति हुने हुँदा सम्पत्ति माथि ह्रासखर्चमार्फत खर्च छूट पाउने भएकाले श्रम ऐनको व्यवस्थाअनुसार छुट्याएको रकमलाई आयकर ऐनको दफा १३ अनुसार आय गणना गर्दा खर्चकट्टीको रूपमा मिनाहा नपाउने' गरी परिपत्र जारी भएको थियो। तर, मौजुदा श्रम ऐन,२०७४ बमोजिम कामदारको आवासीय कोषका लागि रकम छुट्याउनु पर्दैन।

'प्रतिष्ठाका लागि युनिफर्मको व्यवस्था गरेकाले सञ्चय कोषले युनिफर्ममा गरेको खर्च मनासिब नै देखिएको भन्ने दैवज्ञरत्न विजुक्षे विरुद्ध कर कार्यालय भएको मुद्दामा फैसला भएको छ। आयकर ऐनको दफा २१ को स्पष्टीकरण खण्ड (क) (१) को (ग) मा 'काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरीद गर्न भएका खर्च,' भन्ने व्यवस्था भएकोमा सञ्चय कोषमा काम गर्ने कर्मचारीले लगाउने लुगा कार्यस्थल बाहिर पनि लगाउन नसकिने होइन।

प्रहरी, सैनिक, सुरक्षा गार्डजस्ता सेवामा लगाउने लुगा भने कार्यस्थल बाहिर लगाउन सकिँदैन। कार्यस्थल बाहिर लगाउन मिल्ने पोशाक भने आयमा समावेश हुने प्रकृतिको रूपमा समावेश गर्नुपर्नेमा त्यसविपरीत उक्त फैसलामा कर्मचारीलाई दिएको पोशाक खर्चलाई आयमा समावेश गर्नु नपर्ने गरी मान्यता दिएको छ। तर, 'पोशाक खर्चबापतको रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रिम करकट्टी गर्दा कर्मचारीलाई एकमुष्ट कर नलगाई कर्मचारीले पाएको पोशाकबापतको हुने रकमसमेत समावेश गरी ऐनबमोजिम छूट दिई करको गणना गर्नुपर्ने' कर कार्यालयविरुद्ध कुमारी बैंक भएको मुद्दामा फैसला भएको छ। उक्त फैसलाले कार्यस्थत बाहिर पनि लगाउन मिल्ने लुगालाई कर्मचारीको आयमा समावेश गर्न स्पष्ट गरेको देखिन्छ।

लेखक कर तथा वाणिज्य कानून क्षेत्रमा विज्ञ अधिवक्ता हुन्। लेखकलाई tulasikafle@yahoo.com मा सम्पर्क गर्न सकिन्छ।

तस्वीर : रासस

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६, नेर्पास्थित हरेलोडाँडा नजिकै सञ्चालित शुभ कृषि फार्ममा लटरम्म फलेको किवी । खोटाङमा यस वर्ष किवी उत्पादन दोब्बर भएको कृषि ज्ञान केन्द्र खोटाङले जनाएको छ ।

सन्दर्भ विश्व एड्स दिवस

नेपालमा ९१ प्रतिशतले एचआइभी संक्रमण घट्यो

काठमाडौं । नेपालमा सन् २००० को तुलनामा २०२३ मा एचआइभी संक्रमण ९१ प्रतिशत घटेको पाइएको छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा जारी गरेको तथ्यांकमा सन् २००० को तुलनामा सन् २०२३ मा ९१ प्रतिशतले एचआइभी संक्रमण घटेको उल्लेख छ ।

केन्द्रका निर्देशक डा. सर्वेश शर्माका अनुसार सन् २०२३ मा ४५७ जना मात्र नयाँ एचआइभी संक्रमित भेटिएका छन् । सन् २००० मा ५ हजार १०० जना नयाँ संक्रमित भेटिएका थिए । उनले सरकारले एचआइभी उपचारमा उल्लेखनीय काम गरेकाले नयाँ संक्रमति कम भइरहेको बताए । संक्रमितलाई उपचार प्रक्रियामा ल्याइएकाले सर्न कम भएर संक्रमण घटेको उनको भनाइ छ ।

'हामीले संक्रमितको पहिचान गरेर औषधि पद्धतिलाई राम्रो बनाएका छौं,' उनले भने, 'सबै संक्रमितलाई उपचारमा ल्याएका छौं । उपचारमा रहेका संक्रमितले औषधि खाएपछि अरुलाई सार्दैनन् र संक्रमित कम हुँदै गएका छन् ।' औषधि खानेको शरीरमा भाइरसको भार न्यून हुने गरेको उनले बताए ।

उनका अनुसार अहिले संक्रमितमध्ये ८७ प्रतिशतले औषधि सेवन गरिरहेका छन् । औषधि सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ । सन् २०२३ सम्म नेपालमा ३० हजार ३०० व्यक्ति एचआइभी संक्रमित रहेका छन् । विश्वमा ८ करोड ८४ लाख मानिस एचआइभी संक्रमित छन् । भने अहिलेसम्म ४ करोड २३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । सन् २०२३ मा विश्वमा १३ लाख एचआइभी संक्रमित थपिएका थिए ।

यस्तै एड्सबाट मृत्यु हुनेको संख्यामा पनि कमी आएको छ । सन् २०२३ मा २३१ जनाको संक्रमणको कारणले मृत्यु भएको छ । सन् २०१० मा १ हजार ७०० जनाको एड्सको कारणले मृत्यु भएको थियो । नेपालमा सन् १९९८ मा पहिलोपटक एचआइभी पुष्टि भएको थियो ।

निर्देशक डा. शर्माले अझै पनि उपचारबाट बाहिर रहेका करीब ५ हजार संक्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य हासिल हुने बताए । 'अझै करीब ५ हजार संक्रमित उपचारको दायराभन्दा बाहिर रहेका छन्,' उनले भने, 'हामी ती संक्रमितको पहिचान गरेर उपचारमा ल्याउने प्रयासमा रहेका छौं ।'

उनले एचआइभी संक्रमितमाथि अझै समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको बताए । नेपालमा एचआइभी संक्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागू पदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिंगी तथा तेस्रो लिंगी र रोजगारीका लागि विदेशिने रहेका छन् ।

तीमध्ये सुईद्वारा लागू पदार्थ प्रयोग गर्ने र पुरुष समलिंगी यौनकर्मीमा संक्रमणदर अरु जोखिम समूहभन्दा उच्च रहेको छ । सन् २०२० को राष्ट्रिय सर्वेक्षणअनुसार सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेमा ३ प्रतिशतका दरले एचआइभी संक्रमण रहेको पाइएको छ । यस्तै सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा २ दशमलव २ प्रतिशत र पुरुष समलिंगीमा ६ दशमलव २ प्रतिशतका दरले एचआइभी संक्रमण रहेको पाइएको छ ।

सन् २०२४ मा सम्पन्न राष्ट्रिय सर्वेक्षणअनुसार भारतमा काम गर्न जाने नेपालीमा शून्य दशमलव २ प्रतिशत संक्रमण रहेको पाइएको छ । नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरेअनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागू पदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिंगी तथा तेस्रो लिंगी र रोजगारका लागि विदेशिने तथा तिनका दम्पती एवं जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम तथा संक्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ ।

सोही योजनाअनुसार नेपालमा सन् २०३० सम्ममा एड्स तथा एचआइभी अन्त्य गर्ने रणनीति रहेको छ । अहिले अनुमानित एचआइभी संक्रमिमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, ९५ प्रतिशतको उपचार गर्ने र ९५ प्रतिशतको शरीरमा भाइरसको भार न्यून गर्ने योजना सरकारको रहेको छ ।

केन्द्रका निर्देशक डा. शर्माका अनुसार एचआइभी संक्रमिमध्ये ९४ प्रतिशतको पहिचान, ८७ प्रतिशतको उपचार र ७४ प्रतिशतको शरीरमा भाइरसको भार न्यून भइसकेको छ ।

हाल ६१ जिल्लाका ८४ एआरटी सेन्टरमा एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने संक्रमण रोकथाम गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन भइरहेको छ । आइतवार डिसेम्बर १ नेपालसहित विश्वभर ३७औं विश्व एड्स दिवस 'एड्स अन्त्यका लागि सबैको सुनिश्चतता गरौं' नाराका साथ मनाइँदै छ । *रासस*

बाँकी पृष्ठ १ बाट

नेपाली एयरलाइन्सलाई ...

सरकारी नेतृत्वले पनि क्यानलाई टुक्र्याउने वचन दिँदै आएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले क्यानलाई हवाई सेवाप्रदायक र नियामक निकायका रूपमा अलग गराउने दुईओटा विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा १ महीनाअघि पेश भइसकेको बताए । 'प्राधिकरणलाई विभाजन गर्ने गरी पेश भएको विधेयक मन्त्रिपरिषद्को विधेयक समितिले पास गरिसकेको छ, मन्त्रिपरिषद्ले पारित गर्न बाँकी छ,' उनले भने ।

पाकिस्तानले नागरिक उड्डयन प्राधिकरण टुक्र्याएको केही महीनापछि ईयूको कालोसूचीबाट पीआईए हटेको सन्दर्भमा नेपालले पनि क्यानलाई नियामक र सेवा प्रदायक गरी छुट्टाछुट्टै निकाय खडा गरेमा ईयूको कालोसूचीबाट नेपाल हट्ने एउटा आधार बन्ने मन्त्री पाण्डेको भनाइ छ । 'तर, यसै भन्न सकिँदैन,' उनले भने ।

उनले यो विधेयक अघि बढाउन र संसद्मा पुऱ्याउन आफू प्रतिबद्ध रहेको बताए ।

'विधेयक समितिबाट पास भई मन्त्रिपरिषद्मा जान्छ, त्यसपछि संसद्मा जान्छ र ऐन बन्छ । यसबाट पछि हट्ने अवस्था नै हुँदैन भने अबको संसद्मा शुरूमै पेश हुन्छ,' मन्त्री पाण्डेले आर्थिक अभियानसँग भने ।

यसबीचमा प्राधिकरणका कर्मचारीहरू संस्था टुक्र्याउन हुँदैन भनेर आन्दोलनमा समेत उत्रिएका थिए । प्राधिकरणलाई अलग्याउने दुईओटा विधेयकको प्राधिकरण सम्बद्ध पाँचओटा कर्मचारी युनियनले विरोध गर्दै आन्दोलन गरेका थिए ।

वितगमा पनि प्राधिकरण टुक्र्याउने विधेयक मन्त्रिपरिषद् पुगेका थिए । प्राधिकरणको कामलाई नियामक र सेवाप्रदायकका रूपमा छुट्ट्याउने गरी बनेका 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७६' र 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६' तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले २०७६ फागुन ११ मा राष्ट्रिय सभामा दर्ता गराएका थिए । तर, ती विधेयकमा थप प्रगति हुन सकेन ।

यस्तै सरकारले समग्र उड्डयन क्षेत्रको सुरक्षा चुनौती अध्ययनका लागि गत कात्तिकमा एक उच्चस्तरीय समिति गठन गरिसकेको छ । नागरिक उड्डयन सुरक्षाको अध्ययन गर्न गठित उच्चस्तरीय समितिका संयोजक तथा सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिल सिन्हाले आफ्नो नेतृत्वको समितिले झन्डै २ हप्ताअघि काम शुरू गरेको बताए । 'हामीले ईयू र आइकाओले देखाएका के-के कमजोरी सम्बोधन गरिएको छ के-के बाँकी छ त्यसको अध्ययन गरिरहेका छौं,' उनले आर्थिक अभियानसँग भने, 'ईयूले सन् २०१३ मा के के कमजोरी देखाएर कालोसूचीमा राखेको थियो र त्यसमा देखाइएका कमजोरीहरूको सम्बोधन गर्न के-के काम भए त्यसको अध्ययन भइरहेको छ ।'

उनका अनुसार अहिले मूलतः प्राधिकरणको नेतृत्व र कर्मचारीले यसमा के के काम गरेका छन् त्यो हेरिएको छ । उनका अनुसार समितिको कार्यादेशमा हवाई सुरक्षाका लागि चाहिने आवश्यक पूर्वाधार छ कि छैन, मानव संसाधनको अवस्था के छ र व्यवस्थापकीय विषयहरू के के छन् त्यो हेर्नुपर्ने भन्ने छ । ईयू र आइकाओले क्यान टुक्र्याउनैपर्ने भनेका हुन् कि होइनन् त्यो पनि हेरिने भन्दै उनले थपे, 'क्यान टुक्र्याउने विधेयक दर्ता भएमा यो विषय विधायिकी प्रक्रियाबाट अघि बढ्ला हामीले हेर्नु परेन ।'

सिन्हाका अनुसार ईयूले नेपालको हवाई सुरक्षाको सन्दर्भमा मानव संसाधनको अभाव र यसको विज्ञतालाई एउटा प्रमुख कमजोरीको रूपमा औंल्याएको छ । 'यसबारेमा पनि अध्ययन हुनेछ,' उनले भने ।

पीआईएलाई यूरोपमा प्रतिबन्ध लागेपछि यसले यूरोपेली देशहरू र बेलायतमा सीमित सेवाहरू सञ्चालन गर्न वेट-लिज जहाज प्रयोग गरेको थियो । ईएएसएले नोभेम्बर २९ (मङ्सिर १४ गते) पाकिस्तान नागरिक उड्डयन प्राधिकरण (पीसीएए) को अनुगमन क्षमतामा पर्याप्त विश्वास गर्न सकिने आधार रहेको भन्दै उडान प्रतिबन्ध फुकुवा गरेको छ । तर, ईयूबाट बाहिरिएको बेलायतको नागरिक उड्डयन प्राधिकरणले भने ईएएसएको कदमबारे कुनै टिप्पणी गरेको छैन । यसले गर्दा पीआईएले बेलायतमा उडान गर्न पाउने/नपाउने स्पष्ट भएको छैन ।

एक दशकका जहाज दुर्घटना

मिति	कम्पनी	निधन भएको यात्रु संख्या
२०८१ साउन	सौर्य	१८
२०७९ माघ	यती	७२
२०७९ जेठ	तारा	२२
२०७६ वैशाख	समिट एयर	३
२०७४ फागुन	यूएयस-बंगला	५१
२०७४ जेठ	गोमा एयर	२
२०७१ फागुन	टर्किस एयरलाइन्स	१ सामान्य घाइते
२०७० फागुन	नेपाल एयरलाइन्स	१८
२०६९ असोज	सीता एयर	१९

स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

विभिन्न विधामा पुरस्कृत भए आर्थिक पत्रकार

काठमाडौं (अस) । नेपाल आर्थिक पत्रकार समाज (सेजन) अवार्ड २०८१ आर्थिक पत्रकार शरद ओझाले प्राप्त गरेका छन् । सेजनको २८औं वार्षिकोत्सवका अवसरमा शनिवार काठमाडौंमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ओझालाई १ लाख पुरस्कार राशीको सो अवार्ड प्रदान गरेका हुन् ।

उनले बजेटमार्फत सरकारले आयकर ऐनको दफा ५७ मा गरेको हेरफेर र त्यसमा रहेको त्रुटिबारे समाचार लेखेका थिए । सोही समाचारका लागि उनलाई अवार्ड प्रदान गरिएको हो ।

साथै शनिवार नै सेजनले विभिन्न अन्य विधामा समेत आर्थिक पत्रकारलाई पुरस्कृत गरेको छ । डा. भोला चालिसे लिबरल जर्नाजिलम अवार्ड भागवत भट्टराईले प्राप्त गरे । प्रिन्ट मिडिया अवार्ड कौशिला कुँवरले प्राप्त गरिन् । डिजिटल अवार्ड कमल धितालले प्राप्त गरे । सो अवसरमा स्वर्गीय सागर घिमिरे स्मृति फुटसल प्रतियोगिताका विजेता टोलीहरूलाई समेत नगद पुरस्कार प्रदान गरिएको थियो ।

२० वर्षदेखि व्यावसायिक कृषिकर्म, वार्षिक २० लाख बचत

खेती भइरहेको २० बिघामध्ये करीब ४ बिघामा गोलभेंडा, ४ बिघामा मकै र बाँकी जग्गामा गोबी, बोडीलगायत सागसब्जी

धरान (सुनसरी) । जिल्लाको बराहक्षेत्र नगरपालिका-९, श्रीलंका टप्पुका अर्जुन चन्द्रवंशीले गोलभेंडा खेतीबाट वार्षिक ३० लाख रुपैयाँ आम्दानी गर्दै आएका छन् । २० वर्षदेखि व्यावसायिक कृषि पेशामा आबद्ध उनले गोलभेंडा खेतीलाई प्रमुख आम्दानीको स्रोत बनाएका छन् ।

श्रीलंका टप्पुका किसानका बारीमा अहिले मकै, सागसब्जी, आलु, गोबी, बोडीलगायत मौसमअनुसार तरकारी उत्पादन भइरहेका छन् । अर्जुनको व्यवसायमा उनका चार छोराले साथ दिइरहेका छन् । कृषि कर्मको आम्दानीबाट जीविकोपार्जन भइरहेको बताउँदै अर्जुनले गोलभेंडाबाट मात्रै सबै खर्च कटाएर वार्षिक २० लाख रुपैयाँ बचत हुने गरेको जानकारी दिए । अहिले करीब चार बिघा क्षेत्रफलमा गोलभेंडा खेती गरिरहेको अर्जुनका छोरा श्रीराम चन्द्रवंशीले बताए । गोलभेंडाबाट वार्षिक ३० लाख रुपैयाँ आम्दानी हुनेमा खेतीमा प्रयोग गर्ने मल, कर्मचारीलगायतको वार्षिक १० लाख जति खर्च हुने गरेको उनको भनाइ छ ।

श्रीराम भन्छन्, 'कृषिकर्म हाम्रो पुर्ख्यौली पेशा हो । शुरुआती समयमा सागसब्जी, आलु, गोबीलगायत खेती गर्दै आएका थियौं । पछिल्लो समय गोलभेंडाबाट मनग्ये आम्दानी हुन थालेपछि यसप्रति बढी आकर्षित हुन थालेका हौं ।' गोलभेंडा अहिले थोकमा प्रतिकेजी १०० रुपैयाँमा फार्मबाटै व्यापारीले किनेर लैजाने गरेका उनले बताए ।

'गत असोजमा आएको बाढीले चार कट्ठा जति खेतीमा क्षति गऱ्यो । बारीमा छरेको मल बगाउनुका साथै केही डुबानमा पनि पऱ्यो । बाढीले ३ लाख रुपैयाँभन्दा बढीको क्षति भएको थियो । अहिले भने मौसमले साथ दिएकाले उत्पादन राम्रो भइरहेको छ,' श्रीरामले भने । गोलभेंडाको माग प्रशस्त भएकाले बजारीकरणमा समस्या नरहेको उनले बताए ।

'उत्पादित कृषि उपज बजार बोकेर लैजानु पर्दैन । व्यापारी आफै गोलभेंडासहित अन्य सागसब्जी किन्न खेतबारीमै आउँछन् । यहाँ आउनेलाई बजार मूल्यभन्दा २० रुपैयाँ कम लिने गरेका छौं,' श्रीरामले भने । धनकुटा, धरान, इटहरी, गाईघाट, राजविराज, बराहक्षेत्रलगायत स्थानबाट व्यापारी फार्ममा गोलभेंडा खरीद गर्न आउने गरेका उनले जानकारी दिए । गोलभेंडा खेतीमा लगानी र दुःख बढी भए पनि मेहनत गरेअनुसार प्रशस्त उत्पादन हुने भएकाले नोक्सान नहुने श्रीरामले अनुभव सुनाए । परिवारका चार दाजुभाइसहित थप २० जनाले रोजगारी पाएका उनले बताए ।

गोलभेंडाको मौसममा कम मूल्यमा विक्री गर्नुपरे पनि बेमौसममा किलोको १०० देखि १५० रुपैयाँसम्ममा विक्री हुने श्रीराम बताउँछन् । उनका अनुसार वार्षिक ६०० क्विन्टलभन्दा बढी भोलभेंडा विक्री हुने गरेको छ । अहिले करीब २० बिघा क्षेत्रफलमा खेती गर्दै आएको, करीब ४ बिघामा गोलभेंडा, ४ बिघामा मकै र बाँकी जग्गामा गोबी, बोडीलगायत सागसब्जी खेती गरिरहेको श्रीरामले जानकारी दिए ।

जिल्लामा हाल ८ हजार ८५३ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुँदै आएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिए । 'जिल्लाको बराहक्षेत्र नगरपालिकामा बढी मात्रामा गोलभेंडा, गोबी, बोडीलगायत सागसब्जीको प्रशस्त उत्पादन हुन्छ,' उनले भने । उनका अनुसार गत असोजमा आएको बाढीले ३५४ हेक्टरभन्दा बढी खेती नष्ट गर्दा ४ करोड ५२ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

सिँचाइ सुविधा, मलको उपलब्धतालगायत कारणले पछिल्लो समय नगरभित्र गोलभेंडासहित सागसब्जीको उत्पादन प्रशस्त हुन थालेपछि यहाँका अधिकांश परिवार यसतर्फ आकर्षित भएको नगरप्रमुख रमेश कार्कीले बताए । 'यहाँका करीब ९० प्रतिशत परिवार तरकारी खेतीमा आबद्ध छन् । श्रीलंका टप्पु तरकारी खेतीका लागि प्रख्यात क्षेत्र मानिनुका साथै बजारीकरणको समस्या नभएकाले कृषकको आकर्षण बढेको हो,' उनले भने । नगरपालिकाले स्थानीय किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले जैविक तरकारी खेतीमा अनुदान, पशुपालन गर्नेलाई लगानीमा सहयोग, सिँचाइ सुविधा र उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण, प्राविधिक परामर्शलगायत क्षेत्रमा आवश्यक सहयोग गर्दै आएको नगरप्रमुख कार्कीले जानकारी दिए । *रासस*

गत साता साढे २ प्रतिशतले बढ्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

गत साताको कारोबारमा धितोपत्र दोस्रो बजारको समग्र कारोबार मापक नेप्से परिसूचक २ दशमलव ५२ प्रतिशतमाथि उक्लिएको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ६८० दशमलव ४४ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ७४८ दशमलव शून्य ५ विन्दुमा बन्द भएको हो ।

गत साताको पाँच कारोबार दिनमा बिहीवार नेप्से परिसूचक २ हजार ७७४ दशमलव १४ विन्दुसम्म पुगेको थियो । गत साता दुई दिन न्यूनतम २ हजार ६६१ विन्दुसम्म झरेको बजार त्यसपछि भने माथि उक्लिएको देखिन्छ ।

करीब ११ महीनापछि धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले सन्तोष श्रेष्ठलाई अध्यक्षका रूपमा पाएको छ । लगानीकर्तामा नियामक निकायले पाएको नेतृत्वका कारण पनि केही उत्साह थपिएको अनुमान जानकारहरूले लगाएका छन् । ब्रोकरहरूका अनुसार भने बोर्डले नेतृत्व पाएसँगै बजारका लागि केही नयाँ नीति थप हुने आशामा लगानीकर्ताहरू रहेका छन् ।

गत साता अंकका हिसाबमा नेप्से परिसूचक ६७ दशमलव ६१ अंक बढेको देखिन्छ । पाँच कारोबार दिनमा बजार पहिलो कारोबार दिन १३ दशमलव शून्य ३ अंकले घटेको छ भने दोस्रो दिन १५ दशमलव ८३ अंक, तेस्रो दिन ३३ दशमलव ४१ अंक, चौथो दिन ३९ दशमलव ७० अंक बढेको थियो । अन्तिम कारोबार दिन भने ८ दशमलव ३० अंकले बजार घटेर बन्द भएको छ ।

बजार बढेसँगै सूचीकृत कम्पनीहरूको धितोपत्र मूल्य २ खर्ब ८८ अर्ब २८ करोड ८८ लाख रुपैयाँले वृद्धि भएको छ । अघिल्लो साताको अन्तिम कारोबार दिनको तुलनामा गत साताको अन्तिम कारोबार दिनसम्म कुल बजार पूँजीकरण ६ दशमलव ७५ प्रतिशत वृद्धि भएको नेप्सेको तथ्यांकले देखाउँछ ।

अघिल्लो साताको अन्तिम कारोबार दिन ४२ खर्ब ६८ अर्ब रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४५ खर्ब ५६ अर्ब रुपैयाँ कायम भएको छ ।

गत साताको कारोबारमा कुल कारोबार रकम ४ दशमलव ८९ प्रतिशतले बढेको छ भने कारोबार कित्ता ६ दशमलव ५२ प्रतिशत कम भएको छ । अघिल्लो साता ३७ अर्ब ५४ करोड रुपैयाँभन्दा बढीको ८ करोड ९ लाख ५३ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ३९ अर्ब ३८ करोड रुपैयाँभन्दा बढीको ७ करोड ५६ लाख ७३ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

औसत कारोबार रकम अघिल्लो साताभन्दा १६ प्रतिशत र औसत कारोबार कित्ता २५ दशमलव २२ प्रतिशत घटेको छ । नेप्सेका अनुसार अघिल्लो साता औसतमा ९ अर्ब ३८ करोड रुपैयाँभन्दा बढीको २ करोड २ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ७ अर्ब ८७ करोड रुपैयाँभन्दा बढीको १ करोड ५१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

सातागत परिसूचकको तुलना

विवरण	गत साता	अघिल्लो साता	फरक	फरक प्रतिशत
नेप्से परिसूचक (अंक)	२,७४८.०५	२,६८०.४४	६७.६१	२.५२
सेन्सेटिभ इन्डेक्स (अंक)	४७७.५०	४७२.९७	४.५३	०.९६
कारोबार रकम (रू. हजारमा)	३९,३८३,०३०.०५	३७,५४५,६०१.२६	१,८३७,४२८.७९	४.८९
कारोबार कित्ता	७५,६७३,९२८	८०,९५३,७२३	-५,२७९,७९५	-६.५२
औसत कारोबार रकम (रू. हजारमा)	७,८७६,६०६.०१	९,३८६,४००.३१	-१,५०९,७९४.३०	-१६.०८
औसत कारोबार कित्ता	१५,१३४,७८५.६०	२०,२३८,४३०.७५	-५,१०३,६४५.१५	-२५.२२
कुल बजार पूँजीकरण (रू. दश लाखमा)	४,५५६,३५९.३४	४,२६८,०७०.५४	२८८,२८८.८०	६.७५

साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन

विवरण	गत साता	अघिल्लो साता	फरक प्रतिशत
व्यापार	४,२२९.१९	३,४९६.३७	२०.९६
विकास बैंक	५,८६१.१२	५,६१८.१९	४.३२
जीवन बीमा	१३,५६७.८८	१३,०४४.३४	४.०१
निर्जीवन बीमा	१३,१९१.१७	१२,८६०.०२	२.५८
लगानी	१०६.८५	१०४.५४	२.२१
जलविद्युत्	३,५७९.०३	३,५०६.५०	२.०७
होटल तथा पर्यटन	६,८९६.५४	६,७५९.४९	२.०३
वित्त	३,६३८.२५	३,५६९.४३	१.९३
अन्य	२,०५८.४३	२,०२२.६२	१.७७
उत्पादन तथा प्रशोधन	६,८२८.५६	६,७४१.२६	१.३०
लघुवित्त	५,१६१.८५	५,१३९.५८	०.४३
बैंकिङ्ग	१,४९२.६८	१,४८९.६३	०.२०
म्युचुअल फण्ड	२१.८६	२१.९१	-०.२३

स्रोतः नेपाल स्टक एक्सचेन्ज (नेप्से)

गत साता व्यापार समूहको परिसूचक करीब २१ प्रतिशत बढ्यो

गत साताको कारोबारमा म्युचुअल फण्ड समूहको बाहेक सबै समूहको परिसूचक बढेको छ । म्युचुअल फण्ड समूहको परिसूचक भने शून्य दशमलव २३ प्रतिशत घटेको हो । गत साता व्यापार समूहको परिसूचक २० दशमलव ९६ प्रतिशत बढेको छ ।

नबिल फ्लेक्सी क्याप फण्डको न्याभ बढ्यो

काठमाडौं (अस) । नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालित नबिल फ्लेक्सी क्याप फण्डले कात्तिक मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) असोज मसान्तको तुलनामा कात्तिक मसान्तमा वृद्धि भएको छ । असोज मसान्तमा फण्डको न्याभ ११ रुपैयाँ ६१ पैसा रहेकोमा कात्तिक मसान्तमा बढेर ११ रुपैयाँ ६४ पैसा पुगेको हो ।

त्यस्तै, फण्डको नाफा पनि असोजको तुलनामा कात्तिक महीनामा वृद्धि भएको छ । असोज मसान्तमा फण्डले रू. ९ करोड २६ लाख नाफा कमाएकोमा कात्तिक मसान्तमा रू. ९ करोड ५४ लाख पुगेको छ ।

कात्तिक महीनामा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढेको हो । असोज मसान्तमा फण्डको कुल आम्दानी रू. ९ करोड ७३ लाख रहेकोमा कात्तिक मसान्तमा बढेर रू. १० करोड १५ लाख पुगेको छ ।

शेयरमा लगानी भने फण्डले घटाएको छ । फण्डले असोज मसान्तमा सूचीकृत शेयरमा रू. ६६ करोड ३३ लाख लगानी गरेकोमा कात्तिक मसान्तमा रू. ६२ करोड ३८ लाख छ ।

नेपाल धितोपत्र बोर्डको प्रवक्तामा निरञ्जय घिमिरे

काठमाडौं (अस) । नेपाल धितोपत्र बोर्ड (सेबोन)को प्रवक्ताको जिम्मेवारी बोर्डकै उपकार्यकारी निर्देशक निरञ्जय घिमिरेले पाएका छन् ।

बोर्डका नवनियुक्त अध्यक्ष सन्तोष नारायण श्रेष्ठले कर्मचारीको जिम्मेवारी हेरफेर गर्दै घिमिरेलाई बोर्डको प्रवक्ताको जिम्मेवारी दिएका हुन् । उनलाई मङ्सिर १३ देखि लागू हुनेगरी उक्त जिम्मेवारी दिइएको छ ।

यसअघि बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी प्रवक्ता थिए । उनी २०८१ जेठ १७ गते बोर्डको प्रवक्ता बनेका थिए ।

एनआइएमबि एस क्यापिटलले लाभांश प्रस्ताव गर्दै बोलायो साधारणसभा

काठमाडौं (अस) । एनआइएमबि एस क्यापिटल लिमिटेडले पुस ५ गते १२औं वार्षिक साधारणसभा बोलाएको छ । मङ्सिर १३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको कार्यालय लाजिम्पाट, काठमाडौंमा बिहान ११:३० बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्ष (आव)को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ । गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा २५ प्रतिशत नगद लाभांश कर समेत वितरण गर्ने प्रस्ताव पनि कम्पनीले सभाका लागि तय गरेको छ । साथै, गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम अनुमोदनको प्रस्ताव पनि कम्पनीले गरेको छ ।

जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर १३)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड	२७५०	३१६०	७३५.१
२	सुपरमाई हाइड्रोपावर लिमिटेड	११५३.१	१२८३	४९२
३	भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	१०२०	१३६१.७	४१०
४	शुभम पावर लिमिटेड	९९०	११०९.६	६१९
५	सुपर मादी हाइड्रोपावर लिमिटेड	९८९	१०४४	३२४.१
६	मिड सोलु हाइड्रोपावर लिमिटेड	९८८.९	११८०	३३१.२
७	माण्डु हाइड्रोपावर लिमिटेड	९७६	१४९३.१	४७५.३
८	थ्रीस्टार हाइड्रोपावर लिमिटेड	९३५	१२३१	३५०
९	रिभर फल्स पावर लिमिटेड	९२६	९४०	२०१.१
१०	अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड	८१०.१	९६१	३१९
११	सिक्लेस हाइड्रोपावर लिमिटेड	८०५	९७२	३७१.६
१२	मन्दाकिनी हाइड्रोपावर लिमिटेड	७९४	११०१	३२८.४
१३	बाराही हाइड्रोपावर पब्लिक लिमिटेड	७८६	८३५	३७८.२
१४	रावा इनर्जि डेभलपमेन्ट लिमिटेड	७८५.५	९५०.६	३६०.६
१५	सयपत्री हाइड्रोपावर लिमिटेड	७८०.३	८६३.९	३८२.२
१६	इष्टर्न हाइड्रोपावर लिमिटेड	७८०	९९७	२९८
१७	रू रू जलविद्युत् परियोजना लिमिटेड	७४६	९२६.८	४८४.९
१८	एशियन हाइड्रोपावर लिमिटेड	७३०	९०४	३२४.२
१९	नेपाल हाइड्रो डेभलोपर लिमिटेड	७२३	७६०	३२७.२
२०	माउन्टेन इनर्जी नेपाल लिमिटेड	७२०.२	८०९.५	४२९.९
२१	अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	७००	७३५	२६०.१
२२	चिरख्वा हाइड्रोपावर लिमिटेड	७००	७८३	३००
२३	मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड	६५८.९	७७०	२२८
२४	बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	६५७	८२९.७	३२१
२५	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	६५५.४	८१६	३६५.३
२६	अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड	६४८	६७९	२३४
२७	माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड	६४२.३	७४९	२६६.३
२८	युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड	६३१	६४०.४	२६१.३
२९	ईडवा हाइड्रोपावर लिमिटेड	६१७	६६५	२२५
३०	माईखोला हाइड्रोपावर लिमिटेड	५९७	७१४	२३५.२
३१	मेन्छियाम हाइड्रोपावर लिमिटेड	५९५	६७०	२२७.१
३२	चिलिमे जलविद्युत् कम्पनी लिमिटेड	५९२.९	६९७	४२६.३
३३	दोल्ती पावर कम्पनी लिमिटेड	५९०	७४२	१९७.६
३४	ग्रीन भेन्चर्स लिमिटेड	५८७.९	६९९.९	३३७.३
३५	भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड	५७६	५८८	२०३
३६	सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड	५६५	८००	२३८.२
३७	पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड	५६१	६७०	२२१.३
३८	सानिमा माई हाइड्रोपावर लिमिटेड	५५९.९	६८०	३०३
३९	मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड	५५२	७३५	३२६.७
४०	सामलिङ्ग पावर कम्पनी लिमिटेड	५५२	७६६	३३४
४१	तेह्रथुम पावर कम्पनी लिमिटेड	५४९	७२३	३२३.५
४२	कालिका पावर कम्पनी लिमिटेड	५४७	६०६.९	३००
४३	बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड	५२८.५	७४२	३१६.१
४४	साहस उर्जा लिमिटेड	५२७	७२५	४०९.५
४५	पिपुल्स पावर लिमिटेड	५२०.४	६८३.४	२०४.९
४६	सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड	५१५	५९६	२४०.२
४७	त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड	५१०	६६०	२६८
४८	हिमालयन हाइड्रोपावर लिमिटेड	५००.३	५६०	१९४.१
४९	दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड	४९७	५७६	२००
५०	डादी ग्रुप पावर लिमिटेड	४७५	५७१	१९४
५१	राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड	४६६.८	४९२.६	१९१.७
५२	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	४६५	५२१	२४१.६
५३	अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड	४६५	४९७	२१९.७
५४	माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड	४५५	४७८.२	१९३.२
५५	मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड	४५३	६३७	२०६.८
५६	बुटवल पावर कम्पनी लिमिटेड	४४९	५३६.५	२८४.४
५७	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड	४४८	५३५.५	२१२.१
५८	मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड	४३५	४८१.९	१९१.७
५९	बरुण हाइड्रोपावर कम्पनी लिमिटेड	४२६.२	४५०	२००
६०	हिमालयन पावर पार्टनर लिमिटेड	४२५.१	४६३	१९९
६१	छ्याङ्दी हाइड्रोपावर लिमिटेड	३९१	४४७	२०६
६२	राधी विद्युत् कम्पनी लिमिटेड	३८८.९	४७७	२०४
६३	वलेफी हाइड्रोपावर लिमिटेड	३८५.५	५२०	१९८.१
६४	मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड	३८३	४३३	२५४.२
६५	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	३७६	४४२	२४२
६६	न्यादी हाइड्रोपावर लिमिटेड	३४७.८	४३६.४	१९३
६७	जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	३४४.५	४१२	१८३
६८	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	३३७.८	३९४	१७३
६९	सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड	३२२.७	३८९	१६५.१
७०	मोदी ईनर्जी लिमिटेड	३१४.९	३७५	१६०.१
७१	पाँचथर पावर कम्पनी लिमिटेड	३०१.८	३६७.२	१९६
७२	युनियन हाइड्रोपावर लिमिटेड	२९७	३४६	१५८
७३	यूनिभर्सल पावर कम्पनी लिमिटेड	२९५.९	३४५	१७१
७४	खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड	२९५	३३४.५	१७२.९
७५	अपि पावर कम्पनी लिमिटेड	२९०.८	३९०	१५५
७६	माउन्टेन हाइड्रो नेपाल लिमिटेड	२८८	३७९	१८०.६
७७	पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड	२८५	३४०.६	१८५.२
७८	अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	२८४	३४९	१४९
७९	दिव्यश्वरी हाइड्रोपावर लिमिटेड	२६७	३१२	१३८
८०	सिंगटी हाइड्रो इनर्जी लिमिटेड	२६५.५	३३४.४	१४३.१
८१	अरुण काबेली पावर लिमिटेड	२५८.३	३२६	१५४.५
८२	ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड	२५३.५	३३६	१९६
८३	हिमालय उर्जा विकास कम्पनी लिमिटेड	२५२.७	३३५.५	१८३.६
८४	रिडी पावर कम्पनी लिमिटेड	२४०.१	३२०	१५४.५
८५	शिव श्री हाइड्रोपावर लिमिटेड	२३६.५	२८१.१	१३५.३
८६	नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड	२२९	२९०	१२७
८७	लिवर्टी इनर्जी कम्पनी लिमिटेड	२२६.७	३४४	१३९
८८	घलेम्दी हाइड्रो लिमिटेड	२२३.४	२८३	१२०
८९	अपर तामाकोशी हाइड्रोपावर लिमिटेड	२१६	२९५	१५२.१
९०	हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड	२१२.५	२७३	११९.२
९१	आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड	२११	२७४.९	१४४.२

नबिल बैंक लिमिटेड महेन्द्रनगर शाखा, कञ्चनपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गर ाईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरि लिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत ले खिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१

ऋणीको नाम र ठेगानाको विवरण

ठाकुर थारुको नाती, कुईरे थारुको छोरा, कञ्चनपुर जिल्ला, झलारी गा.वि.स. वडा नं. ०५ बस्ने, ना.प्र.न १७४२३३ (जारी मिति २०६३/०३/०४ स्थान कञ्चनपुर), भएको **जगदिश थारु ।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

लाल बहादुर डंगौराकी छोरी, कुईरे थारुकी बुहारी, जगदिश थारुकी श्रीमती, कञ्चनपुर जिल्ला, झलारी गा.वि.स. वडा नं. ०५ बस्ने, ना.प्र.न १७९२४८ (जारी मिति : २०६३/०९/०३ स्थान कञ्चनपुर), भएकी **सिता देवी थारु डंगौरा ।**

धितोको विवरण

सवारी साधनको विवरण:
ऋणी **जगदिश थारु** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. म १ ह १४७४ भएको ATUL GEMINI-GX 4S (AUTO).

२

ऋणीको नाम र ठेगानाको विवरण

बुद्धि राम डंगौराको नाती, हरिराम डंगौराको छोरा, कञ्चनपुर जिल्ला, भिमदत्त उ.म.न.पा. वडा नं. १९ बस्ने, ना.प्र.न ७५१००१/११८२१ (जारी मिति : २०६७/१२/०३ स्थान कञ्चनपुर), भएको **राजेन्द्र डंगौरा ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

झोले डंगौराकी छोरी, हरिराम डंगौराकी बुहारी, राजेन्द्र डंगौराकी श्रीमती, कञ्चनपुर जिल्ला, भिमदत्त उ.म.न.पा. वडा नं. १९ बस्ने, ना.प्र.न ७५१००१/१२४२० (जारी मिति : २०६८/०२/०९ स्थान कञ्चनपुर), भएकी **मैया चौधरी डंगौरा ।**

धितोको विवरण

सवारी साधनको विवरण:
ऋणी **राजेन्द्र डंगौरा** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. सू.प.प्र.०२-००१ ह १५२१ भएको ATUL GEMINI-GX(1+3) 4S (AUTO).

३

ऋणीको नाम र ठेगानाको विवरण

प्रदेशी दर्जीकी छोरी, शेरे दमाईकी बुहारी, अनिल नेपालीकी श्रीमती, कन्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न ७५-०१-७८-११५५३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कन्चनपुर (मिति : २०७८-१२-०४), भएकी **दुर्गा दर्जी ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

मनि दमाईको नाती, शेरे दमाईको छोरा, कन्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.न ७५-०१-७२-०१२२९ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कन्चनपुर, जारी मितिः वि.सं. २०७२-०२-१२), भएको **अनिल नेपाली ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **M.A.W. Vriddhi Motors Pvt Ltd,** ले China बाठ पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

S. No.	Vehicle Details	Type	Brand	Model	Variant	Color	Battery Capacity	Motor Peak Power	Country of Origin	Unit	Cost per Unit	MRP	Remarks
1	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F3UBEV	E1	Single tone	31.4(Kwh)	70 KW	China	1	3,024,000.00	3,024,000.00	
2	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F3UBEV	E1	Dual tone	31.4(Kwh)	70 KW	China	1	3,074,000.00	3,074,000.00	
3	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F3UBEV	E2	Single tone	31.4(Kwh)	70 KW	China	1	3,249,000.00	3,249,000.00	
4	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F3UBEV	E2	Dual tone	31.4(Kwh)	70 KW	China	1	3,299,000.00	3,299,000.00	
5	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F4UBEV	E3	Singel tone	42.3(Kwh)	70 KW	China	1	3,599,000.00	3,599,000.00	
6	NAMMI BOX	HATCHBACK	DONGFENG	DFM7000A2F4UBEV	E3	Dual tone	42.3(Kwh)	70 KW	China	1	3,649,000.00	3,649,000.00	

विक्रेता फर्मको नाम : M.A.W.Vriddhi Motors Pvt Ltd,
ठेगाना : Kathmandu, Nepal
Pan no: 619846732

आगामी साधारणसभा

क्र.सं.	कम्पनीको नाम	आर्थिक वर्ष	स्थान	मिति	समय	प्रस्तावित लाभांश (%)		अन्य प्रस्ताव	बुक क्लोज
						बोनस	नगद		
१	प्राइम कमर्सियल बैंक लिमिटेड	२०८०/०८१	आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	मङ्सिर १९	११:००		५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर ९
२	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/०८१	अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक	मङ्सिर २४	११:००	१४.२५	०.७५	थप सार्वजनिक निष्कासन (एफपीओ) जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १८ - मङ्सिर २४
३	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	२०८०/०८१	आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं	मङ्सिर २५	९:३०	६.५	१९	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १२
४	ग्लोबल आइएमई बैंक लिमिटेड	२०८०/०८१	नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं	मङ्सिर २७	१०:००	५.५		सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर ९
५	नबिल बैंक लिमिटेड	२०८०/०८१	राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं	मङ्सिर २७	१०:००		१०	सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १०
६	हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/०८१	बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं	मङ्सिर २७	१०:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १६
७	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/०८१	दिनेश चौधरी स्मृति प्रतिष्ठान, दुहवी, सुनसरी	मङ्सिर २८	११:००	१३.३	०.७	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १४
८	नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड	२०७९/८०, २०८०/८१	डेलिश ओपेरा रेष्ट्रो एण्ड ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं	मङ्सिर २८	११:००			सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
९	सुपरमाई हाइड्रोपावर लिमिटेड	२०८०/०८१	लिसरा रिसेप्सन, भगवती बहाल नक्साल, काठमाडौं	मङ्सिर २८	४:००	७	५.६३१	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १७
१०	एशियन हाइड्रोपावर लिमिटेड	२०८०/०८१	द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर	पुस २	१२:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
११	सामलिङ्ग पावर कम्पनी लिमिटेड	२०८०/०८१	द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर	पुस २	१०:३०			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १९
१२	चन्द्रागिरि हिल्स लिमिटेड	२०८०/०८१	चन्द्रागिरी हिल्स लिमिटेडको कार्यालय, थानकोट परिसर	पुस ३	११:००			सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २१
१३	सोल्टी होटल लिमिटेड	२०८०/०८१	नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं	पुस ४	११:००	१०	२६.८५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १३ - पुस ४
१४	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२०८०/०८१	कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं	पुस ४	९:००			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २१
१५	छ्याङ्दी हाइड्रोपावर लिमिटेड	२०७९/८०, २०८०/८१	अग्रवाल भवन, कमलपोखरी, काठमाडौं	पुस ५	९:००			वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २७
१६	सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	दुर्गा पार्टी प्यालेस, इटहरी, सुनसरी	पुस ६	११:००	१३.७७५	०.७२५	वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर १४
१७	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०८०/८१	आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं	पुस ११	१०:००	९	०.४७	सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २३
१८	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	२०८०/८१	आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं	पुस १२	९:००	५	०.२६३२	१०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने	मङ्सिर २१

लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर १३)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	५१९०	५७०५	१५५०
२	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	३६३०	४१८१	११२.९
३	सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड	३३२७	३३२७	८२७
४	उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड	३२८६.२	३६३०	९४४.८
५	विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	२८५४.५	३५००	६८५
६	युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	२८२०	३२२३	९२२
७	श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड	२५४१	२७६०	७७७
८	गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड	२४३५	३३००	५८९.१
९	महिला लघुवित्त वित्तीय संस्था लिमिटेड	२४२५.१	२६४८.७	१५३५
१०	नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	२३६५	२६४१	१४१८
११	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड	२२४९.३	२४९९.२	५७०.१
१२	स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड	१९६०	२१७४	७१७.४
१३	गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड	१७७९	२३२७	६५२
१४	सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७६५	१९४१.५	५७८.२
१५	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	१७१०.१	१९२३.९	८८२
१६	मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड	१७०५	१९६०	६५७
१७	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	१६९८	१८५१	६९९.३
१८	धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड	१६९०	१८७०	५८५.१
१९	जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१६५६	१९२०	१२०५
२०	उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड	१६२७	२३६३.३	५९१.१
२१	जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१६१७	१८१८	७८८
२२	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	१६०५	१७२७	९०५
२३	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१५३२	१७३९	९७४
२४	मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड	१३७२	१७१६	६४३.५
२५	ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड	१३२७	१८१५	७४८
२६	लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड	११७०	१४२८	५८०
२७	आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड	११३१	१४९१	५००.१
२८	अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड	११२०	११९५	५७४.५
२९	कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड	१११६	१२८५	५२६
३०	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड	१०५७	१४९२	५३७
३१	हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड	१०३०	१४४७	५१९.१
३२	नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड	१०२६	११९०	४६१
३३	सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड	१०२५	१४७०.८	५१९.२
३४	स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड	९७९.३	१२५०	५४१
३५	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	९६३	११५५	८००
३६	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	९४३	११०५	७९०
३७	विजय लघुवित्त वित्तीय संस्था लिमिटेड	९३०	११७४	५५८.६
३८	स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड	९०३	१२३२	६५३.७
३९	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	९००	१०९९	६५०
४०	समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड	९००	१२७१	५५८
४१	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	८८८	११७७	५४३
४२	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड	८२८	१२१४.८	५४१
४३	ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	८२२	९७९.५	४३८
४४	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	८०५	१००४	५६५
४५	मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	७८८	९८०	४६३.३
४६	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	७५१.३	८९०	४८२.३
४७	एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड	७४७	९१८	४६३.६
४८	नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड	७२६	९८८	४८०
४९	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	७२०	९३०.२	५४६
५०	एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड	७१४	९०७	५२०.३

वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर १३)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	६८२	७९०	४९७.४
२	एभरेष्ट बैंक लिमिटेड	६१०	७९०	४६२.५
३	नबिल बैंक लिमिटेड	५४०	७००	४१९
४	नेपाल एसबिआई बैंक लिमिटेड	४७१	५४९	२६८.६
५	एनआईसी एशिया बैंक लिमिटेड	४३५.३	५७३	३४१.६
६	कृषि विकास बैंक लिमिटेड	३६०	४२८.४	२२०.५
७	सिद्धार्थ बैंक लिमिटेड	३२९.५	३८०	२१२.२
८	सानिमा बैंक लिमिटेड	३२३	३८२	२२८
९	नेपाल बैंक लिमिटेड	२८२.३	३३७.५	१९५.१
१०	प्राइम कमर्सियल बैंक लिमिटेड	२७२	३२९	१८५
११	माछापुच्छ्रे बैंक लिमिटेड	२६२.१	२९५	१५७.८
१२	हिमालयन बैंक लिमिटेड	२५९.६	३१२.१	१६७.१
१३	एनएमबि बैंक लिमिटेड	२५९	३००	१६२
१४	लक्ष्मी सन्राइज बैंक लिमिटेड	२५२.२	३००	१४३.६
१५	प्रभु बैंक लिमिटेड	२३८	२९७	१३२
१६	ग्लोबल आइएमई बैंक लिमिटेड	२३७	३०२	१७०
१७	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	२३२	२९६	१५२.५
१८	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२३१	२९५	१४७.४
१९	कुमारी बैंक लिमिटेड	२२६.९	२७२.९	१२९.६

नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

क्र.सं.	ऋणपत्रको नाम	ब्याज (प्रतिशत)	अवधि (वर्ष)	निष्कासन हुने कित्ता	सर्वसाधारणमा निष्कासन (कित्ता)	प्राइभेट प्लेसमेन्ट (कित्ता)	विक्री प्रबन्धक	निवेदन मिति
१	८% प्राइम डिबेन्चर २०९१	८.००	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	सानिमा क्यापिटल लिमिटेड	२०८१ साउन २
२	८% एनआईसी एशिया डिबेन्चर २०९१	८.००	१०	५,०००,०००	२,०००,०००	३,०००,०००	प्रभु क्यापिटल लिमिटेड	२०८१ असोज ७
३	८% शाइन रेसुङ्गा डिबेन्चर	८.००	१०	१,०००,०००	४००,०००	६००,०००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ असोज १४
४	६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९	६.००	७	५,०००,०००	२,०००,०००	३,०००,०००	एनआइएमबि एस क्यापिटल लिमिटेड	२०८१ कात्तिक १४
५	८% आरबिबिएल डिबेन्चर २०८७	८.००	७	२,५००,०००	१,०००,०००	१,५००,०००	सानिमा क्यापिटल लिमिटेड	२०७९ भदौ १४
६	८% नबिल डिबेन्चर २०८९	८.००	८	३,०००,०००	१,२००,०००	१,८००,०००	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०८१ असार १४
७	७.५०% एभरेष्ट बैंक लिमिटेड डिबेन्चर २०९१	७.५०	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड	२०८१ असार २०
८	८.५% सिटिजन्स बैंक डिबेन्चर २०९०	८.५०	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	हिमालयन क्यापिटल लिमिटेड	२०८० माघ १२
९	७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९०	७.००	१०	३,०००,०००	१,२००,०००	१,८००,०००	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२०८१ जेठ ०२
१०	९% आइसिएफसि फाइनान्स लिमिटेड डिबेन्चर २०८८	९.००	७	३००,०००	१२०,०००	१८०,०००	कुमारी क्यापिटल लिमिटेड	२०८१ असार १८

निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर १३)

क्र.सं.	कम्पनीको नाम	बजार मूल्य	५२ हप्ताको उच्च विन्दु	५२ हप्ताको न्यून विन्दु
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	१७१००	२२४९३.९	१२८००
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१०१६.९	११६२	७७०
३	प्रभु इन्स्योरेन्स लिमिटेड	९९०	१११३	६४०
४	नेको इन्सुरेन्स लिमिटेड	९५६	१०५०	७५०
५	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	९४५	१३८२	७१५.३
६	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	८६२	१०७६	६७५
७	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	८५६.९	११२०	६६९.४
८	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	७३६.५	९२६	६०२
९	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	७०५	८१७.१	४४६
१०	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	६७२.२	८१०	५०१.२
११	यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	६६६.३	८३७.३	५१२
१२	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	६२१	७६०	४६६

सबैभन्दा बढी पूँजीकरण भएको कम्पनी बन्यो विशाल बजार

काठमाडौं (अस)। विशाल बजार कम्पनी सर्वाधिक बजार पूँजीकरण भएको कम्पनी बनेको छ। बिहीवार यस कम्पनीको कुल पूँजीकरण रू. २ खर्ब १८ अर्ब ३४ करोड पुगेको छ। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ५ हजार ४४५ पुगेको छ।

सरकारसँग भएको कम्पनीको संस्थापक शेयर बजारमा सूचीकरण भएको छ। ३ करोड ९६ लाख ८ हजार ६०० कित्ता शेयर सूचीकृत भएसँगै कम्पनीको आकार सबैभन्दा ठूलो भएको हो। संस्थापक शेयर सूचीकृत भएपछि कम्पनीको शेयर मूल्य बुधवार र बिहीवार सकारात्मक सर्किट लेभलमा वृद्धि भएको छ।

पूँजीकरणका आधारमा सबैभन्दा ठूलो भएपछि अब यस कम्पनीको मूल्यले व्यापार समूहलाई पूर्ण रूपमा प्रभाव पार्नेछ भने समग्र बजारलाई पनि तलमाथि बनाउन सक्ने क्षमता राख्दछ।

नेप्सेमा विशाल बजार कम्पनीको कुल ४ करोड १ लाख कित्ता शेयर सूचीकृत भएको छ। कुल सूचीकृत शेयरमध्ये सर्वसाधारण हिस्सा १ दशमलव ०४ प्रतिशत अर्थात् ४ लाख १८ हजार ९६७ कित्ता र संस्थापक समूहको हिस्सा ९८ दशमलव ९६ प्रतिशत अर्थात् ३ करोड ९६ लाख ८१ हजार ३३ कित्ता रहेको छ।

सूर्यज्योति लाइफको नगद लाभांश घोषणा

काठमाडौं (अस)। सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आर्थिक वर्ष (आव) २०८०/८१ सम्मको मुनाफाबाट लाभांश वितरण गर्ने घोषणा गरेको छ। कम्पनीले हाल कायम चुक्तापूँजीको २० प्रतिशतका दरले नगद लाभांश (कर प्रयोजनार्थ सहित) वितरण गर्ने घोषणा गरेको हो। मङ्सिर १४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले सो दरमा नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो। नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भई आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् सो लाभांश वितरण हुनेछ।

अघिल्लो आवको मुनाफाबाट कम्पनीले शेयरधनीलाई १० दशमलव २६ प्रतिशत बोनस शेयर र २४ दशमलव ७४ प्रतिशत नगद लाभांश गरेर कुल ३५ प्रतिशत लाभांश वितरण गरेको थियो।

कात्तिक महीनामा ६ कम्पनीको शेयर सूचीकृत

काठमाडौं (अस)। कात्तिक महीनामा ६ कम्पनीको कुल २ करोड ४३ लाख ५ हजार २०७ कित्ता शेयर सूचीकृत भएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले प्रकाशित गरेको मासिक तथ्यांकअनुसार समाज लघुवित्त वित्तीय संस्था, नेपाल ल्यूब आयल, कर्पोरेट डेभलपमेन्ट बैंक, नेशनल लाइफ इन्स्योरेन्स, हिमालय उर्जा विकास कम्पनी र आँखुखोला जलविद्युत् कम्पनीको उक्त कित्ता शेयर सूचीकृत भएको हो।

कम्पनीको नाम	सूचीकृत शेयर कित्ता	किसिम
आँखुखोला जलविद्युत् कम्पनी	१२,०००,०००	हकप्रद
हिमालय उर्जा विकास कम्पनी	९,९००,०००	हकप्रद
नेशनल लाइफ इन्स्योरेन्स	२,००४,६६७	बोनस
कर्पोरेट डेभलपमेन्ट बैंक	२५०,०००	बोनस
नेपाल ल्यूब आयल	१२२,०४०	बोनस
समाज लघुवित्त वित्तीय संस्था	२८,५००	बोनस
कुल	२४,३०५,२०७	

स्रोतः नेप्से

आँखुखोला जलविद्युत् कम्पनीको १ करोड २० लाख र हिमालय उर्जा विकास कम्पनीको ९९ लाख कित्ता हकप्रद शेयर सूचीकृत भएको छ। त्यस्तै, नेशनल लाइफको २० लाख ४ हजार ६६७ कित्ता, कर्पोरेट डेभलपमेन्ट बैंकको २ लाख ५० हजार, नेपाल ल्यूब आयलको १ लाख २२ हजार ४० कित्ता र समाज लघुवित्तको २८ हजार ५ सय कित्ता बोनस शेयर सूचीकृत भएको हो।

शेयरमा हकदाबी सम्बन्धी जरूरी सूचना।

प्रकाशित मिति : २०८१ मंसिर १६ गते

यस कम्पनीका शेयरधनीको नाममा रहेको तपसिल बमोजिमको शेयर प्रमाण-पत्रहरूको प्रतिलिपि र उक्त शेयर नामसारीको लागि निवेदन प्राप्त भएकोले सो माथी कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र स-प्रमाण यस कम्पनीमा निवेदन दिनुहुन अनुरोध छ। अन्यथा, उक्त मिति पछि निज निवेदकहरूकै नाममा शेयर प्रमाण-पत्र जारी हुने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रतिलिपी शेयर प्रमाणपत्रका लागि प्राप्त भएको निवेदकको विवरण

सि.नं.	प्रमाण पत्र नम्बर	कित्ता	शेयर प्रमाण पत्रमा उल्लेखित शेयर धनीहरु
१	११८६८, ३०५३६, ३८९१५	३०	राधिका अग्रवाल
२	२४९६७, ३४२६५, ४९६०९, ५७६९०	३४	सुर्य प्रसाद पौडेल
३	६२६५६	२६	भुमिका कायष्थ
४	५१६७०	१८	पुर्णमाया अधिकारी
५	१७५६५, ३३३३१, ४०९१७, ४८८४१, ५६९७५, ६६९६०	६९	चन्दा पाण्डे
६	२४८१२	१०	प्रदिप मान श्रेष्ठ

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **द सगतानी एक्जिम प्रा. ली.** ले **भारत** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

S.N.	Details	Type	Brand	Model	Capacity	Origin	Unit	MRP
1	REFRIGERATOR	Domestic Appliances	IFB	Metal -Cool IFBDC-2132FRF ENP	193 LTR	India	NOS	33900
2	REFRIGERATOR	Domestic Appliances	IFB	Metal -Cool IFBDC-2131FSS ENP	187 LTR	India	NOS	31900

विक्रेता फर्मको नाम : द सगतानी एक्जिम प्रा.ली.
ठेगाना : वाफल-१३, काठमाण्डौ
फोन नं. : ९८५१२४५५३५, ०१४२७२५२१

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, १६ मङ्सिर २०८१ | Sunday, 1 December 2024
आर्थिक अभियान

लघुवित्त : सेवामूलक व्यवसाय कि नाफामूलक ?

लघुवित्त वित्तीय संस्थाहरूले शोषण गरेको भन्दै ऋणीहरूबाटै विरोध हुन थालेपछि पछिल्लो समय यसको उद्देश्य, भूमिका र दिगोपनाबारे बहस शुरू भएको छ । नेपालमा गैरनाफामूलक सामाजिक संस्थाबाट शुरू भएको लघुवित्त कार्यक्रमलाई वित्तीय संस्थाको रूपमा परिणत भएसँगै नाफा कमाउने दबाब भएको र यसबाट सामाजिक कामहरू ओझेलमा पर्दा आलोचित हुनुपरेको सरोकारवालाहरू बताउँछन् । प्रस्तुत छ, लघुवित्त समाज नेपाल (मिसन)द्वारा आयोजित तथा आर्थिक अभियानका प्रधानसम्पादक मदन लम्सालले सहजीकरण गरेको 'लघुवित्तको उद्देश्य दिगोपनाको सन्तुलन' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले व्यक्त गरेका विचारको सम्पादित अंश :

लघुवित्त आवश्यक छैन भन्ने सोच बनाएका छैनौं

गुरुप्रसाद पौडेल
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकले प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम शुरू गरेर साना कर्जा प्रवाहमा प्राथमिकता दिन थालेको हो । २०४८ सालमा राष्ट्र बैंक आफैले लगानी गरेर ग्रामीण विकास बैंक खोलेर ग्रामीण बैंकिङ र लघुवित्त कार्यक्रम शुरू भएको देखिन्छ । त्यो समयमा नेपालमा वित्तीय पहुँच, समावेशिता र साक्षरताको अवस्था कमजोर थियो । ग्रामीण क्षेत्रमा बैंकहरूको उपस्थिति कमजोर थियो । सरकार र राष्ट्र बैंकले एक जिल्लामा एक बैंक पुऱ्याउने लक्ष्य पूरा गर्न समेत कठिन भयो । निजी बैंकहरू आएपछि वित्तीय समावेशितामा ठूलो उपलब्धि भएको हो ।

वित्तीय सेवालाई समावेशी बनाउन राष्ट्र बैंकले गैरसरकारी संस्था, सहकारीलाई सीमित बैंकिङ कारोबारको इजाजत दिएर प्रवर्द्धनको काम पनि गरेको हो । बैंक, वित्तीय संस्थाहरूको संख्या धेरै भएपछि २०६६ सालमा नयाँ संस्थाहरूको लाइसेन्स बन्द गरे पनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच नभएकाले लघुवित्तको लाइसेन्स भने खुला राखियो । यसैगरी बैंकहरूको सेवा प्रवर्द्धन गर्न बैंक नभएको ठाउँमा शाखा खोल्दा एक वर्षका लागि एक करोड निर्ब्याजी दिने, नयाँ खाता खोल्दा सुविधा दिने, ग्रामीण क्षेत्रमा खोलिएका शाखा घाटामा गएमा निश्चित प्रतिशत राष्ट्र बैंकले बेहोर्ने व्यवस्था पनि भयो ।

शुरूमा जुन क्षेत्रको बैंक खोल्नुपऱ्यो, त्यसका लागि छुट्टै ऐन ल्याउने प्रचलन थियो । २०६० सालमा एउटै छाता ऐन (बाफिया) ल्याएर पूँजीको आधारमा बैंकहरूको वर्गीकरण गरियो । काम पछि छुट्टाइयो । तर बाफियामा हामीले लघुवित्तलाई सामाजिक बैंकिङका रूपमा स्पष्ट लेख्न सकेनौं र व्यापारिक संस्था हो पनि भनेका छैनौं । तर, निर्देशनहरूमा भने यो सामाजिक बैंकिङ हो भन्ने किसिमले सम्बोधन भयो । लघुवित्त संस्थाहरू र शाखा खोलिँदै गए पनि जनशक्ति तयार भएनन् । जसकारण अर्को संस्थाबाट कर्मचारी तान्ने जस्ता काम भए । वाणिज्य बैंकबाट टाई लगाएका कर्मचारी लियौं र यसले गर्दा लघुवित्तको मर्म मर्दै गयो ।

हामीकहाँ विभिन्न ढंगले लघुवित्तहरू स्थापना भए । एकाथरी वाणिज्य बैंकको सहायक कम्पनीका रूपमा स्थापना भएका संस्था थिए भने अर्कोतिर लघुवित्तकै रूपमा स्थापना भएका पनि थिए । एनजीओलाई परिवर्तन गरी लघुवित्त वित्तीय संस्था बनायौं । लघुवित्तको प्रवर्द्धन गर्नुपर्छ भनेर लघुवित्त विभागको नामसँग प्रवर्द्धनलाई पनि जोडेका थियौं । अहिले फरक फरक संस्थाहरूको प्रतिस्पर्धाले समस्या देखियो । यसकारण बैंकिङ क्षेत्रले २०५२ देखि २०६२ सालसम्मको द्वन्द्वमा समेत नभोगेको पीडा अहिले भोग्नुपरेको छ । वित्तीय प्रणालीप्रति आम सर्वसाधारण नकारात्मक भएका छन् । वित्तीय संस्थाहरू शोषक/सामन्ती हुन् भन्ने आरोप लागेको छ । हामीले गलत मान्छेलाई सेवा दियौं, जसलाई आवश्यक नै थिएन । अहिले तिनै व्यक्तिहरू लघुवित्तविरोधी भएर आन्दोलनमा छन् । हाम्रो अध्ययनमा एउटै व्यक्तिले १४ ओटा समूहमा बसेर ऋण लिएको पनि भेटियो । यस्ता विकृतिको पनि समीक्षा जरुरी छ ।

अहिले लघुवित्तले बैंक, वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा पाइरहेका छन् । यो सुविधा 'सकर्सको सिहंलाई मासु दिए' जस्तो ढंगले दिएका होइनौं । भोलि यो सुविधा नहुँदा पनि लघुवित्त बच्नुपर्छ । लघुवित्तले आफ्नो लक्षित वर्ग पहिचान गरेर उत्पादनमूलक कामकै लागि लगानी गर्नुपर्छ । लघुवित्तले धितोविहीन व्यक्तिलाई सदस्य बनाएर समूहमा ऋण दिने हो । भलै हामीले एक तिहाइ ऋण परियोजना धितोमा दिन सक्ने भनेका छौं । तर, मुख्यतः यसको काम धितो नभएका विपन्नलाई नै सेवा दिने हो । ऋण लिने विचार नै नभएको वा अन्य संस्थाबाट ऋण पाउन सक्ने अवस्था भएका ग्राहकलाई चिन्न आवश्यक छ । ब्याजदरमा पनि सन्तुलन हुनैपर्छ । नत्र अहिले १५ प्रतिशतमा सीमा तोक्दा पनि किन महँगो भन्ने आवाज उठिरहेको छ त ?

लघुवित्त भन्नेबित्तिकै चकटीमै बसेर ऋण दिनुपर्छ भन्ने होइन । यसमा समसामयिक सुधार जरुरी छ । अब मोबाइल बैंकिङ, डिजिटल बैंकिङको अवधारणामा लघुवित्तले पनि काम गर्नुपर्छ । लघुवित्तको ग्रामीण बैंकिङ मोडलमा समयसामयिक सुधार गर्न सकिन्छ । यसका लागि विभिन्न अध्ययन समितिले प्रतिवेदन दिएका छन् । त्यसमा छलफल गरी आवश्यक नीति र निर्देशन जारी गर्दै अघि बढ्नुपर्छ । लघुवित्तको मूल मर्म विपरीत काम भएको छ भने संस्थाहरू सच्चिएर आउनुपर्छ । तर, अहिल्यै लघुवित्त आवश्यक छैन भन्ने सोच राष्ट्र बैंकले बनाइसकेको छैन । यसले दिने सेवा निरन्तर हुनुपर्छ ।

लघुवित्तको भूमिका स्पष्ट तोक्नुपर्छ

रामबहादुर यादव
अध्यक्ष, नेपाल लघुवित्त बैंकर्स संघ

नेपालमा लघुवित्तहरूले ग्रामीण बैंकिङ मोडलमा काम गरेका छन् । सहकारीहरूले 'भिलेज बैंकिङ' र 'सेल्फ हेल्प ग्रुप'का रूपमा पनि लघुवित्त कार्यक्रम सञ्चालन गरेको पाइन्छ । यसैगरी सामूहिक जमानी, व्यक्तिगत धितो कर्जा र होलसेल कर्जा उपलब्ध गराउने संस्थाहरू पनि सञ्चालनमा छन् ।

अहिले लघुवित्तको मिसन ड्रिप भयो, उद्देश्यभन्दा पर गयौं भन्ने आरोप लाग्न थालेको छ । कानूनी रूपमा हेर्दा नेपालमा सन् १९९१ मा गैरसरकारी संस्थाबाट लघुवित्त कार्यक्रम शुरू भएको पाइन्छ । १९९४ मा फिङ्गोका र १९९९ मा आएर 'घ' वर्गको वित्तीय संस्थाबाट लघुवित्त सेवा सञ्चालन भएको पाइन्छ । सन् २०१८ सम्ममा सबै फिङ्गो 'घ' वर्गको वित्तीय संस्थाका रूपमा परिवर्तन भए । एनजीओबाट लघुवित्त संस्थाको रूपमा परिवर्तन, लघुवित्तकै रूपमा दर्ता भएको संस्था र वाणिज्य बैंकको सहायक संस्थाका रूपमा दर्ता भएका कम्पनीका काम गर्ने कल्चर र माइन्डसेट फरक छन् । काम गर्ने तौरतरीका पनि फरक छन् । हिजो फिङ्गोमा हुँदा रेगुलेटरी प्रोभिजन लचिला थिए । नाफाको दबाब थिएन । राष्ट्र बैंकका मापदण्ड पनि सहज थिए । लघुवित्त वित्तीय संस्थामा गएपछि फिङ्गोको माइन्डसेटबाट काम गर्न गाह्रो छ । लघुवित्तमा चुक्ता पूँजी मात्र ३४ अर्ब छ । पब्लिक लगानी, रेगुलेटरी प्रोभिजन, स्टक मार्केटमा सूचीकृत छन् । प्रतिफलको दबाब छ । यसले लघुवित्तलाई जबर्जस्त व्यापारीकरणमा धकेल्यो । सामाजिक र व्यापारिक मिसन सन्तुलन गर्न गाह्रो छ । कुनै व्यक्तिलाई पैसा दिनेबित्तिकै मात्र व्यवसाय बन्दैन । उनीहरूको क्षमता बढाउने काम पनि गर्नुपर्छ । उनीहरूलाई व्यावसायिक शीप, वित्तीय साक्षरता, तालीम लगायतका सहयोग आवश्यक पर्छ । यसका लागि लघुवित्त एक्लैले चाहेर सकिँदैन । सरकारको पनि सहयोग हुनुपर्छ । हामीले २७ लाखलाई सेवा दिएका छौं, ६० लाख घरमा पुगेका छौं । सरकारले यसलाई महत्त्व दिएको छैन । सरकारले वित्तीय कारोबारका आधारमा मात्र वित्तीय संस्थाहरूलाई व्यवहार गर्ने गरेको छ । जब कि लघुवित्त आकारभन्दा संख्याको व्यवसाय हो । यसले वित्तीय पहुँच बढाई गरीब र विपन्न वर्गलाई सेवा दिएको छ । अहिलेसम्म जे जति काम भएको छ, लघुवित्तहरूले आफ्नै क्षमताले गरेका छन् ।

अहिले हामी वाणिज्य बैंकको विपन्न वर्ग कर्जा कार्यक्रममा निर्भर छौं । अब यसको विकल्पबारे पनि सोच्ने अवस्था आएको छ । लघुवित्तलाई ब्याजको सीमाले पनि असर गरेको छ । लघुवित्त नीति २०६४ मा लघुवित्त कार्यक्रमलाई सरकारको कार्यक्रमसँग जोड्ने उल्लेख भए पनि कार्यान्वयन भएको छैन । अब त्यो नीति पुनःपरिभाषित गर्नुपर्ने बेला भएको छ । लघुवित्त के हो ? यसको उद्देश्य के हुने ? यसले कसरी काम गर्ने भन्ने जस्ता विषयमा सबैको बुझाइ एकै हुनेगरी परिभाषित गर्न जरुरी छ । अहिले लघुवित्तको वित्तीय कामको रिपोर्टिङ हुन्छ । यति नाफा गऱ्यो, यति बाँड्यो भनेर मात्र प्रचारप्रसार हुन्छ । सामाजिक क्षेत्रमा लघुवित्तले गरेको कामको रिपोर्टिङ हुँदैन । त्यसैले लघुवित्तले सामाजिक विकासमा गरेको कामको पनि रिपोर्टिङ हुने व्यवस्था गर्नुपर्छ । पछिल्लो समय लघुवित्तको मूल्य, मान्यता अनुसार काम नभएको पनि पाइन्छ । हामी सजिलो काममा लाग्दा प्रोसेस, प्रोसिड्युरमा फरक परेको छ । ग्राहक संरक्षणको सिद्धान्त प्रयोगमा छैन । स्वनियमन हुन सकेको छैन । संघले बनाएको आचारसंहिताको कार्यान्वयन पनि फितलो छ । अब लघुवित्त वित्तीय पहुँचका लागि हो या गरीबी निवारणका लागि हो, स्पष्ट पार्न आवश्यक छ । गरीबी निवारणका लागि पैसा दिएर मात्र पुग्दैन । यो नाफामूलक या सेवामूलक व्यवसाय हो । यसमा पनि स्पष्ट दृष्टिकोण आवश्यक छ । कुन मोडलमा अघि बढ्ने र नियमन गर्ने निकाय कस्तो हुने भन्ने स्पष्ट पार्न जरुरी छ ।

लघुवित्त पूर्णतया नाफामुखी होइन

डा. भरत सिंह थापा
लघुवित्त विज्ञ

लघुवित्तको उद्देश्य गरीब, सीमान्तकृत र विपन्न वर्ग, जसले औपचारिक च्यानलबाट वित्तीय लगायत सेवा लिन सक्दैनन्, उनीहरूलाई वित्तीय लगायत सेवा दिने नै हो । यसबाट त्यो वर्गको आर्थिक उपार्जन भई आर्थिक तथा सामाजिक विकास हुनुपर्छ ।

नेपालमा गैरनाफामूलक एनजीओ मोडलबाट लघुवित्त सेवा शुरू भयो । विस्तारै आर्थिक उदारीकरण, निजीकरण जस्ता परिवर्तनसँगै संस्थागत संरचना फरक भयो । तर, उद्देश्य भने वित्तीय समावेशीकरण र गरीबी निवारण नै हो । लघुवित्तले वित्तीय समावेशीकरणबाट गरीबी निवारण गर्ने भनेर अन्तरराष्ट्रिय वित्त निगम (आइएफसी)ले परिभाषित गरेको छ । नेपाल राष्ट्र बैंकले पनि सामाजिक बैंकिङकै रूपमा यसलाई हेरेको छ । यसको मुख्य उद्देश्य विपन्न वर्गको आर्थिक सामाजिक रूपान्तरण नै हो । तर यसको माध्यम र औजार भने समय परिस्थिति, गरीबीको अवस्था र विश्व परिवेश अनुसार परिवर्तन हुन्छ ।

हामीले संविधानमा समाजवाद उन्मुख अर्थतन्त्र भनेका छौं । यसका लागि संस्थागत संरचना पनि बन्नुपर्छ । लघुवित्तको संस्थागत संरचना गरीबी निवारणका लागि पर्याप्त छैन । यो क्षेत्रको विकासका लागि सहयोगी संरचना छैन । राष्ट्र बैंकसँग भएको क्षमता व्यावसायिक वित्तीय संस्थालाई नियमन नै हो । लघुवित्त विकास वित्त हो । त्यसैले यसको नियमनका लागि दोस्रो तहको संस्था चाहिन्छ । जसले सामाजिक उद्देश्य अनुसारका काममा सहजीकरण गर्न सकोस् । स्थानीय सरकार र अन्तरराष्ट्रिय दातृ निकायले पनि यसका लागि काम गर्नुपर्छ ।

लघुवित्तका सामाजिक र वित्तीय उद्देश्यमा सन्तुलन मिलाउन सामाजिक व्यवसायको सिद्धान्तलाई पालना गर्नुपर्छ । लघुवित्त पूर्णतया नाफामुखी पनि होइन । यसको सामाजिक उद्देश्य पनि छ भन्ने बिर्सनु हुँदैन । यो लगानीकर्ताको संस्था मात्र होइन । लघुवित्तको कुल पोर्टफोलियोमा लगानीकर्ताको रकम १० प्रतिशत पनि छैन । बाँकी विपन्न वर्ग कर्जा, नेपाल राष्ट्र बैंक वा सरकारको लगानी र ग्राहकको निक्षेप नै हो । त्यसैले लघुवित्तको उद्देश्य यसको कार्यप्रणालीमै आउनुपर्छ । हाम्रो नीतिमा लघुवित्तलाई गरीबी निवारण, महिला सशक्तीकरण, विपन्न वर्गमा काम गर्ने संस्थाको रूपमा अर्थ्याइएको छ । तर कार्यान्वयनमा समस्या छ ।

लगानीकर्ताले लघुवित्त सामाजिक व्यवसाय हो भनेर महसुस गर्नुपर्छ । अहिले व्यावसायिक लगानीकर्ता प्रवेश गरे, त्यो फरक पाटो हो । यसमा इम्प्याक्ट इन्भेस्टर (जसले आर्थिक लाभ मात्र होइन, वातावरणीय तथा दिगो विकास र समुदायको उत्थानमा पनि जोड दिन्छ), सामाजिक रूपमा उत्तरदायी लगानीकर्ता, दातृ निकाय, च्यारिटी, फाउन्डेसनको लगानी हुनुपर्छ । संस्थाले दिगोपनका लागि नाफा कमाउनुपर्छ । तर नाफामात्र नै प्रमुख उद्देश्य हुनु हुँदैन ।

लघुवित्त पनि लिमिटेड कम्पनीका रूपमा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भए पनि यसको व्यवसायको प्रकृति फरक हो । हस्पिटल विद्यालय पनि कम्पनीमै दर्ता हुन्छन् । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर)को काम गर्नु, कर तिर्नु स्वाभाविक हो । यसलाई बढाइचढाइ गर्न जरुरी छैन । मुख्य उद्देश्य वित्तीय समावेशीकरण गर्दै ग्राहकको आर्थिक तथा सामाजिक विकास हो । गरीब तथा विपन्न वर्ग अस्थिर हुन्छन् । उनीहरूलाई सजिलै अरूले प्रयोग गर्न सक्ने भएकाले राजनीतिक पार्टीको एजेण्डामा लाग्दैन । अहिले ऋण मिनाहा हुन्छ भनेर भइरहेको आन्दोलन पनि त्यही हो ।

अहिले समस्या आउनुको अर्को पाटो हामीले ग्राहकको आवश्यकता मूल्यांकन नगरी ऋण दियौं । उनीहरूलाई ऋणले थिचेको छ । त्यसैले लघुवित्तको उपलब्धि कति लगानी भयो मात्र होइन, कति सर्वसाधारणको जीवनस्तर परिवर्तन भयो, त्यो महत्त्वपूर्ण हो । बढी कर्जा प्रवाह हुनुका कारण राष्ट्र बैंक पनि जिम्मेवार छ । बैंकको ऋणको पोर्टफोलियो बढ्दै गएपछि विपन्न वर्गमा दिनुपर्ने ५ प्रतिशत कर्जा बढी भयो । कर्मचारीलाई लक्षित गरेर कर्जा प्रवाह गर्न दिएपछि समस्या भएको छ । ग्राहकलाई क्षमता अनुसार ऋण दिनुपर्छ, असुली पनि नियमसम्मत हुनुपर्छ । ग्राहको सम्पत्ति खोसेर, पसलको सामान विक्री गरेर, खसी नै उठाएर पनि असुली गरेको पाइयो । यो गलत हो । अहिले भएको लगानी जसरी पनि तिराउनुपर्छ र लघुवित्त व्यवसाय दिगो बनाउन दीर्घकालीन रूपमा ग्राहक संरक्षणका सिद्धान्त अनुसार समग्र विकासमा ध्यान जानुपर्छ ।

लघुवित्तको उद्देश्य 'सोसल मिसन'सहित वित्तीय सेवा

रामचन्द्र जोशी
अध्यक्ष, छिमेक लघुवित्त वित्तीय संस्था

गैरसरकारी संस्थाबाट शुरू गरेर अहिले लघुवित्तले वित्तीय संस्थाको रूपमा काम गरिरहेका छन् । गैरसरकारी संस्था हुँदा नाफा कमाएर बाँड्नुपर्ने बाध्यता थिएन । संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)मा खर्च गर्नुपर्ने व्यवस्था थिएन । राष्ट्र बैंकले पनि नियमन भन्दा सहजीकरण र प्रवर्द्धनमा भूमिका निर्वाह गर्दै आएको थियो । अहिले विस्तारै यी पाटोहरू ओझेलमा पर्न थालेका छन् । लघुवित्तको मुख्य उद्देश्य 'सोसल मिसन'सहित वित्तीय सेवा नै हो । जब कि हाम्रो फिल्ड स्टाफले श्रीमान् श्रीमतीको झगडा समेत मिलाउनुपर्छ । त्यसैले लघुवित्तलाई सामाजिक पाटोबाट छुटाउनु हुँदैन । यसका लागि राष्ट्र बैंकको नीतिमा परिवर्तन हुन जरुरी छ । एकातिर ब्याजमा १५ प्रतिशतको सीमा तोकिएको छ । अर्कोतिर, सामाजिक शिक्षा, तालीम, उद्यमशीलता विकास, वित्तीय साक्षरता जस्ता क्षेत्रमा काम गरेको कुरा रेकर्ड र रिपोर्टिङमा आउँदैन । राष्ट्र बैंकले वित्तीय कारोबारको पाटो कर्जा लगानी, नाफा, खराब कर्जा मात्र हेरेर नियमन गर्दा समस्या भएको छ । 'यस्तो काम गर्नुपर्छ है' भनेर नियामकले नभनेसम्म नगर्ने प्रवृत्ति पनि छ ।

सबै काम गर्न पैसा पनि चाहिँदैन । काम गर्ने वातावरण हुनुपर्छ । नीतिगत सुधार गर्दै र कर्मचारीलाई सामाजिक रूपमा काम गर्नुपर्छ भन्ने भावनाको विकास गरेर जानुपर्छ । लघुवित्तलाई सामाजिक क्षेत्रमा काम गर्न करमा केही सहुलियत दिन सकिन्छ, जुन पैसा हामी ग्राहकको आर्थिक सामाजिक विकासमा लागि काम गर्न सक्छौं । अहिले लघुवित्तका कार्यकारी प्रमुख र उच्च व्यवस्थापनका कर्मचारी फिल्डमा कम उपस्थित देखिन्छन् । फिल्डमा जाने हो भने ग्राहकको आवश्यकता थाहा हुन्छ । बैंकमा जस्तो ठूलो कर्जा लगानी गर्ने र त्यो सीईओले स्वीकृत गर्ने भन्ने हुँदैन । लघुवित्तमा कर्जा लगानी फिल्ड कर्मचारीले गर्छ । बोर्डमा बनाइएको नीति लागू भयो या भएन, सीईओले हेर्नुपर्छ ।

कर्मचारीको तालीम पनि कम छ । कर्मचारीलाई जानकारी पनि छैन । अदक्ष कर्मचारीलाई काममा लगाएपछि मर्म अनुसारको प्रभावकारिता देखिएन । प्रतिस्पर्धाका कारण बढी कर्जाको लक्ष्य दिइयो । कर्जा व्यक्तिले तिर्ने होइन, व्यवसायले हो । त्यसैले सदुपयोग हुनुपर्छ । भैंसी खरीदका लागि कर्जा दियो भने दूध बेचेर तिर्ने हो । नेपालमा गरीब र विपन्न वर्गले केही पाएका छन् भने त्यो लघुवित्तबाट नै हो । हिजो स्थानीय तह नहुँदा पनि लघुवित्तले काम गरेका थिए । विपन्न वर्गलाई पैसा मात्र दिएर हुँदैन । ग्राहक सुत्केरी हुँदा कुखुराको भाले समेत लघुवित्तले दिने हो । वित्तीय समावेशीकरणका लागि वाणिज्य बैंकको शाखा बढाएर मात्र पुग्दैन । वाणिज्य बैंकको सेवा पनि खर्चिलो छ । यसका लागि लघुवित्त सेवालाई अझ व्यापक रूपमा विस्तार गर्न जरुरी छ । यसमा केही कमी कमजोरी छन् भने सुधार गरेर लैजानुपर्छ ।

माग र आपूर्तिबीच सन्तुलन मिलाउन सकेनौं

लघुवित्तको मुख्य उद्देश्य वित्तीय, सामाजिक र वातावरणीय पाटोमा काम गर्ने नै हो । लघुवित्तको लक्षित वर्ग, पहुँच, प्रभाव, दिगोपनालाई सन्तुलन मिलाउन सकेमात्र उद्देश्य पूरा हुन्छ । पहुँच विस्तारमा हामी कति ग्राहकमा पुग्यौं, जिल्लामा कति शाखा पुग्यो हेरेर मूल्यांकन गर्छौं । त्यो साँघुरो बुझाइ हो । यसमा स्कोप, लेन्थ, डेप्थ, भेराइटीका आधारमा मूल्यांकन गर्नुपर्छ । लघुवित्तलाई यो दृष्टिकोणले हेर्दा सन्तुलन हुन्छ ।

नेपालमा २०६४ सालमा आएको लघुवित्त नीति 'भूतले खाजा खाने बेला' आएको जस्तो भयो । यो नीति आएपछि संविधानसभा भयो । नीतिलाई सहयोग गर्नेगरी ऐन, नियम र निर्देशन नआएसम्म त्यो प्रभावकारी हुँदैन । त्यसमा पनि पहिले नीति, त्यसका आधारमा कानून, नियमन तथा निर्देशनहरू आउनुपर्छ । राष्ट्र बैंकले लघुवित्तलाई दिएको लाइसेन्समा गरिएको सम्झौतामा मिसन र दिगोपनाबीच सन्तुलन नै देखिन्छ । तर राष्ट्र बैंकसँगको सम्झौता र हाम्रो काम फरक छ । नवप्रवर्तन शून्यजस्तै छ ।

हामीकहाँ बाफियाले बैंकहरूलाई क, ख, ग, घ मा वर्गीकरण गरेपछि सोहीअनुसार नियमन भइरहेको छ । राष्ट्र बैंकले निर्देशन जारी गर्दा मात्र लघुवित्तलाई छुट्टाएको छ । वित्तीय क्षेत्रलाई समावेशी बनाउन राष्ट्र बैंकले वित्तीय समावेशीकरण रणनीति र कार्यनीति, वित्तीय साक्षरताको नीति बनाएको छ ।

लघुवित्त क्षेत्रमा समस्या आउनुका मुख्य कारण माग र आपूर्तिबीच सन्तुलन मिलाउन सकेनौं । हामी आपूर्ति पक्षमा मात्र केन्द्रित भयौं । ग्राहकमा ऋण



डा. नरहरि ढकाल
लघुवित्त विज्ञ

सदुपयोगिताको अनुगमन गर्न सकेनौं । लघुवित्तले ३१-३२ लाख सर्वसाधारणलाई दिएको ऋण उत्पादनशील क्षेत्रमा लगानी भएको भए नेपालको ग्रामीण क्षेत्र उद्यमशील हुनुपर्ने हो । तर, अहिले गाउँमा श्रम गर्ने जनशक्ति नै छैन । लघुवित्तको माग र अपूर्तिमा सन्तुलन मिलाएर काम गर्न सहयोग गर्ने संस्था हामीकहाँ छैन ।

हिजो राष्ट्र बैंकले क, ख र ग वर्गका बैंकको लाइसेन्स नपाएका व्यक्तिले भोलि स्तरोन्नति गर्ने सपनासहित लघुवित्त खोलेका छन् । समस्या पनि त्यहींबाट आएको छ । धेरै संस्था भएपछि सदस्यहरू खोसाखोस भयो । एउटा संस्थाको समूहलाई अर्को संस्थाले ऋण दिएको छ । हामी सदस्य भएको ६ महीना ऋण नदिनु भन्छौं । यहाँ आज समूह बनाएर भोलि ऋण दिने प्रचलन छ । ऋण दिनका लागि ५ जनाको समूहमा शुरूमा २ जनाले, त्यसपछि २ जनाले लिने र अन्त्यमा अध्यक्षले लिने सिद्धान्त भए पनि अहिले सबैभन्दा पहिले नै अध्यक्षले ऋण लिन्छ ।

राष्ट्र बैंकको विपन्न वर्ग कर्जाको प्रावधानले लघुवित्तमा 'इजी मनी' आयो । बैंकहरूले पनि बढी भएको पैसा 'पार्क' गर्न प्रयोग गरे । भए ठीकै छ, नत्र गरीबले सेवा पाएका छन् भन्ने लगानीकर्ता भएको भए समस्या हुँदैनथ्यो । लगानीकर्ता छनोटमा गलत भयो । यसलाई विस्तारै सुधार गर्दै जानुपर्छ ।

हामीले प्रतिस्पर्धी ब्याज दिन उत्पादकत्व, दक्षता र पूँजीको लागतले फरक पार्छ । बैंकहरूबाट विपन्न वर्ग कर्जा ल्याउने भएकाले 'कस्ट अफ फण्ड' उस्तै छ । फरक पार्ने कर्मचारीको उत्पादकत्व हो । हामी अनुत्पादक भएका छौं । संस्थाहरूले ५ प्रतिशत खराब कर्जा प्रकाशित गरिरहेका छन्, त्यो कत्तिको साँचो हो, म चकित छु । हिजो साना किसान विकास कार्यक्रम समस्यामा पर्नुको मुख्य कारण नै ऋण ग्रिनिङ नै हो । त्यसैले हामी ऋणको सदुपयोगमा चनाखो हुन जरुरी छ । लघु उद्यमशीलता विकास कार्यक्रमसँग यसलाई जोडेर लैजानुपर्छ ।

नाफा कमाउने मात्र उद्देश्य हुनु हुँदैन



विष्णुप्रसाद पाठक
अध्यक्ष, लघुवित्त समाज नेपाल (मिसन)

अहिले लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्य सामाजिक सेवा हो कि व्यवसाय हो भन्ने विवाद देखिएको छ । दिगो लघुवित्त व्यवसायका लागि कम्पनीहरूले नाफा गर्नुपर्छ । तर नाफा कमाउने मात्र उद्देश्य हुनु हुँदैन । यसका लगानीकर्ताले पनि नाफा भए लिने छैन भने नलिने मनस्थिति बनाएर मात्र लगानी गर्नुपर्छ । नाफाबाट संस्थाको उद्देश्य पूरा गर्ने, संस्था बचाउने र त्यसपछि मात्र बढी भयो भने लगानीकर्ताले लिने हो । यो कुरा लघुवित्तकर्मीहरूले यसका लगानीकर्तालाई बुझाउनुपर्छ ।

लघुवित्त संस्थाहरूको सेवा ग्राहकको आवश्यकता अनुसार हुनुपर्छ । यसका लागि संस्थाका प्रमुख कार्यकारी अधिकृतलगायत उच्च व्यवस्थापनका कर्मचारी सकेसम्म फिल्डमै खटिनुपर्छ । धेरैभन्दा धेरै सदस्यमाझ पुग्नुपर्छ । जति सदस्यसम्म पुग्न सकियो, संस्थाको सेवालाई त्यति नै सदस्यमैत्री र प्रभावकारी बनाउन सकिन्छ । फिल्डमा खटिने कर्मचारीलाई पनि तालीम दिन जरुरी छ ।

यसैगरी नियामक निकायले पनि लघुवित्तको कामको मूल्यांकन वित्तीय सूचकका आधारमा मात्र नभई सामाजिक कामलाई पनि हेर्नुपर्छ । लघुवित्त संस्थाको सूचकहरूमा सामाजिक क्षेत्रमा भएका कामको पनि मूल्यांकन गर्ने व्यवस्था राख्न जरुरी देखिएको छ । संस्थाले कमाएको नाफा सबै बाडेर खानेभन्दा पनि यसलाई संस्थागत विकासका लागि पुनर्लगानी गर्नुपर्छ ।

यसैगरी लघुवित्तका ग्राहकलाई संस्थाप्रति अपनत्व महसुस गराउन संस्थाको शेयरमा उनीहरूको पनि सहभागिता हुने व्यवस्था गर्नुपर्छ । यसमा केही कानूनी अप्ठ्यारा छन् भने नियामक निकायले सहजीकरण गर्नुपर्छ । यसैगरी यसको नियमन तथा प्रवर्द्धनका लागि छुट्टै विशिष्टीकृत नियामक चाहिने हो भने त्यसका लागि पनि उपयुक्त कारणसहित लबिइङ गर्न जरुरी छ । लघुवित्तले आफ्ना सेवा प्रवाह गर्दा लक्षित वर्गको पहिचान गर्नुपर्छ । आज सही व्यक्ति पहिचान गरी सेवा दिन नसक्दा समस्या भएको हो कि ? यसमा लघुवित्तकर्मी आफैले पनि स्वमूल्यांकन गरी सच्चिनुपर्छ ।

न्यू विजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर